# भीमसेन थापा

(ऐतिहासिक खण्ड-काव्य)



सिद्धिचरण श्रेष्ठ

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

# भीमसेन थापा

(ऐतिहासिक खण्डकाव्य)

OPEN LEARNING EXCHANGE (OLE) NEPAL

सिद्धिचरण श्रेष्ठ

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान
कमलादी

| | | |
|---|---|---|
| ग्रन्थ | – | भीमसेन थापा (ऐतिहासिक खण्डकाव्य) |
| रचयिता | – | सिद्धिचरण श्रेष्ठ |
| प्रकाशक | – | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान<br>कमलादी, काठमाडौं |
| प्रकाशन वर्ष | – | वि.सं. २०६० |
| प्रथम संस्करण | – | ११०० प्रति |
| सर्वाधिकार | – | प्रकाशकमा सुरक्षित |
| आवरण | – | के. के. कर्माचार्य |
| कम्प्यूटर | – | भरत श्रेष्ठ (इजि कम्प्यूटर सर्भिस) |
| मूल्य | – | रु. ८४।- |
| मुद्रक | – | **प्रज्ञा-मुद्रणालय<br>कमलादी, काठमाडौं ।** |
| ISBN No. | – | 99933-50-60-5 |

**BHIMSEN THAPA**
**(A short Historical Epic Poetry)**
**by Siddhicharan Shrestha**

# उपकुलपतिको मन्तव्य

नेपाल अधिराज्य भनेको विभिन्न वर्ण, जातजातिसमूहको साझा फूलबारी भएर रहेको छ। यहाँ विभिन्न रङ्गका मनोहारी फूलहरू ढकमक्क भएर फुलेझैं गरी काव्य, साहित्य, संस्कृति, कलाका बगैंचामा पनि विभिन्न भावधारा, विभिन्न वैचारिक, दार्शनिक चिन्तनधारा बोकेका चिन्तकहरूले कलाका, सुन्दर फूलहरू फुलाएका छन्। यिनै विभिन्न भावधारा र चिन्तनधारा लिएर काव्यसाहित्यसाधनामा लागेका कवि साहित्यकारहरूले आफ्ना-आफ्ना ठाउँबाट आफ्नै शैली, आफ्नै अभिव्यक्तिको सुवास फैलाएर अनेकतामा पनि एकताको रङ्ग घोलेर नेपाली काव्य-साहित्य-कलाका रसिक पाठकलाई यथेष्ट परितृप्ति दिने प्रयास गरिरहेका छन्।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको मूल उद्देश्य यस्तै विभिन्न रङ्ग र रूपका सांस्कृतिक एकता र बास्ना लिएर फुलेका राष्ट्रभाषा नेपाली र अरू राष्ट्रिय भाषाका काव्य-कलाकुसुमलाई चुनेर यसको रस बास्ना देशभित्र र बाहिर फैलाउँदै देशको साहित्य, कला, संस्कृतिको भण्डारलाई समृद्ध तुल्याउनु हो। साथै यसैमार्फत साहित्यका प्रबुद्ध र रसिक पाठकहरूलाई परितृप्त पनि तुल्याउनु रहेको छ।

वर्तमान प्रजातान्त्रिक अभ्यासका परिप्रेक्ष्यमा राष्ट्रका विविध कला, संस्कृति र साहित्यलाई राष्ट्रको अक्षुण्णता राखी अखण्ड, सुदृढ, शान्त र सुन्दर नेपालका रूपमा यहाँका विविध सामाजिक परम्परा र संस्कृति मात्र होइन चिन्तनधारालाई पनि निष्पक्षरूपमा एक सूत्रमा गाँस्ने प्रयत्न गर्नु पनि यसको कर्तव्यक्षेत्रभित्र पर्न आउँछ। यिनै उद्देश्यहरूको परिपूर्ति गर्ने क्रममा प्रतिष्ठानले आजपर्यन्त नेपाली वाङ्मयलाई आफ्नो क्षमताले भेटेसम्म प्रकाशित गर्दै आएको छ र अब पनि अक्षुण्ण बढावा दिंदै जानेछ।

मोहन कोइराला
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

# प्रकाशकीय

हिमालयको सुन्दर, शान्त र शीतल काखमा रहेको नेपाल हिमाली सभ्यता र संस्कृतिको केन्द्र हो र बहुजातीय एवं बहुभाषिक राष्ट्र हो। यसमा निवास गर्ने जातजातिका आ-आफ्नै भाषा, आ-आफ्नै कलाकौशल, आ-आफ्नै गीत-सङ्गीत, आ-आफ्नै नृत्य, नाट्य, आ-आफ्नै संस्कृति तथा आ-आफ्नै धार्मिक-दार्शनिक अवधारणा छन् तापनि ती सबै राष्ट्रिय एकताका अटूट सूत्रमा गाँसिएका छन्, आ-आफ्ना परम्परा जोगाउँदै सहिष्णुता र सहअस्तित्वका सिद्धान्तमा बाँचेका छन् र समयसापेक्ष रूपमा आधुनिकीकरणका दिशामा क्रमशः अघि बढ्दै पनि छन्। यसैले नेपाल विश्वसमुदायका बीच शान्तिप्रिय बहुलवादी आधुनिक समाजको अनुपम आदर्श उपस्थित गर्ने देशका रूपमा आफ्नो पहिचान प्रस्तुत गर्न सक्षम रहिआएको छ।

अनेकतामा एकताको यसै आदर्शअनुरूप नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले नेपाललाई यसको आफ्नो समग्रतामा परिचित गराउने हेतुले नेपालको राष्ट्रभाषा नेपालीका साथै नेपालका राष्ट्रिय भाषा तथा कलाकौशल, सङ्गीत, नृत्य, नाट्य, संस्कृति र समाजशास्त्रसम्बन्धी विषयको अध्ययन-अनुसन्धान एवं मौलिक सृजन तथा अनुवादका माध्यमबाट उपयोगी गहन कृति तयार गरी गराई प्रकाशमा ल्याउने अनि विभिन्न क्षेत्र र विधामा कार्यरत चिन्तक, अनुसन्धायक तथा सृजनशील प्रतिभाहरूलाई सक्तो प्रेरणा र प्रोत्साहन दिँदै विभिन्न विषय एवं भाषा र साहित्यको विकास र समृद्धिमा सक्तो योगदान दिने उद्देश्य राखेर काम गर्दै आएको छ र यो सबैमा विदितै छ।

यसै बहुमुखी उद्देश्यअन्तर्गत नेपालका ख्यातिप्राप्त युगकवि श्री सिद्धिचरण श्रेष्ठद्वारा रचित **भीमसेन थापा ऐतिहासिक खण्डकाव्य** प्रकाशित हुँदै छ। नेपाली-काव्यजगत्मा आफ्नो विशिष्ट स्थान स्थापित गरिसकेका अग्रणी क्रान्तिकारी कवि सिद्धिचरणका अन्य विभिन्न कृतिहरू जस्तै नेपालको राजनीतिक इतिहासमा लामो समयसम्म हाली मुहाली चलाएका भीमसेन थापाको करुण कथा र व्यथालाई लिएर रचिएको प्रस्तुत काव्य पनि नेपाली-कविताका पाठकहरूबीच लोकप्रिय हुनेछ भन्ने विश्वास गर्न सकिन्छ। यो ग्रन्थ प्रकाशित गर्न पाएकोमा हामी अत्यन्त हर्षित छौं। यसको लागि हामी कविवरका सुपुत्र श्री रविचरण श्रेष्ठप्रति आभार व्यक्त गर्दछौं।

**नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान**

# समर्पण

नेपालको राजनीतिक इतिहासमा लामो समयसम्म पदमा रही देशको हालीमुहाली चलाएका भीमसेन थापाको करुण कथा र व्यथालाई मैले आजभन्दा दुई दशक पहिलेदेखि नै शब्दमा उतार्न थालेको हुँ। सेरिएपछि जीवन र मृत्युको दोसाँधमा नौ दिनसम्म विष्णुमतीको किनारमा फ्याँकिएका र छट्पटाइरहेका भीमसेन थापाको पहिलो दिनदेखि नौ दिनसम्मको कारुणिक मनोदशालाई चित्रण गरी यो ऐतिहासिक खण्डकाव्य आदरणीय पाठकवर्गप्रति समर्पण गरेको छु।

२०४२ वैशाख १२

सिद्धिचरण श्रेष्ठ

## भीमसेन थापा काव्यको ऐतिहासिक पृष्ठभूमि : प्राक्कथनको रूपमा

चित्तरञ्जन नेपाली

इस्वीको उन्नाइसौं शताब्दीको शुरुआतमा नेपालको राजनैतिक अस्थिरताबाट एक यस्तो व्यक्तिको प्रादुर्भाव हुन गयो, जसले एकतीस वर्षसम्म नेपालको राजनैतिक आकाशमा चम्केर आफ्नो बुद्धि, बर्कत, राजनैतिक कुशलता एवं इमान्दारीबाट त्यसबखत सारा संसारमा आफ्नो साम्राज्य फैलाउन संसारका कैयौं राष्ट्रहरूलाई निल्दै अगाडि बढेको अङ्ग्रेजी साम्राज्यवादी शक्तिबाट नेपालको सार्वभौमसत्तालाई बचाएका थिए, जसले शासन-व्यवस्थाको विविध पक्ष – सैनिक तथा निजामतीतर्फ अनेक सुधार गरी केही दशकअगाडि मात्र एक सूत्रमा आबद्ध नेपाल अधिराज्यको राष्ट्रिय एकतालाई अझ सुदृढ गर्न सहयोग गरेका थिए; अनि जसको अन्त पनि यस्तो आकस्मिक तथा नाटकीय ढङ्गबाट भयो कि त्यो एउटा "एसियाको इतिहासले प्रस्तुत गरेको (सबभन्दा) दु:खद् अवसान थियो"[1] तथा "ग्रीकको कुनै वियोगान्त नाटकले पनि उनको अन्तजतिको भयानक नाटकीय बरबादीलाई प्रस्तुत गर्न सकेको छैन ।"[2] ती हुन् जनरल भीमसेन थापा ।

---

[1] पि. लायन्डन-**नेपाल**-भाग एक, पृष्ठ ९१

[2] ऐ.ऐ. **पूर्वोक्त**, पृष्ठ ८२

आन्तरिक राजनैतिक कलहको कारण राजगद्दी परित्याग गरी आफ्ना नाबालिग छोरा तत्कालीन महाराजाधिराज श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको मुख्तियार भई कार्य गरिरहने श्री ५ रणबहादुर शाहको संवत् १८६३ वैशाख सुदी ७ का दिन उनैका विमातृ भाइ शेरबहादुर शाहले हत्या गरेपछि[३] त्यसबखत काजी पदमा बहाल रहेका भीमसेन थापा मुख्तियार भए। उनले त्यस बेलादेखि संवत् १८९४ साल आषाढसम्म नेपालको मुख्तियार (वर्तमान शब्दावलिअनुसार प्रधानमन्त्री) भई शासन सञ्चालन गरे।

संवत् १८६३ देखि संवत् १८९४ सालसम्म एकतीस वर्षसम्म नेपालको मुख्तियार भई कार्य गर्दा भीमसेन थापाले सदैव देशको हितलाई ध्यानमा राखेर गरेका थिए। त्यसबखत उनको सामु सबभन्दा ठूलो चुनौती भनेकै सम्पूर्ण भारतवर्षलाई उपनिवेश बनाउन सक्रिय रहेको अङ्ग्रेजी शक्तिबाट नेपालको स्वतन्त्रताको सुरक्षा गर्नु थियो। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले राष्ट्रिय एकताको अभियानको शुरुआत गरेदेखि नै भारतस्थित ब्रिटिश इष्ट इन्डिया कम्पनी सरकारले अनेक बहाना गरी नेपालमाथि हस्तक्षेप गर्ने प्रयास गर्दै आएको थियो – कहिले धर्मप्रचार, कहिले युद्ध (सिन्धुलीमा), कहिले व्यापार आदि अनेक उपायद्वारा। तर पनि नेपाली शासकहरूको राष्ट्रिय स्वाभिमानले गर्दा ब्रिटिश भारत-सरकार आफ्नो प्रयासमा सफल हुन सकेको थिएन र भीमसेन थापा मुख्तियार हुन्जेलसम्ममा परिस्थितिले यस्तो रूप लियो कि अन्तमा यी दुई राष्ट्रबीच युद्ध अवश्यम्भावी हुन गयो। तर राजनेताहरूको राष्ट्रभक्ति, कूटनीतिक कुशलता एवं नेपाली सेनाको अतुलनीय बहादुरी तथा त्यागको फलस्वरूप युद्ध गरेर पनि अङ्ग्रेजी शक्तिले नेपाललाई उपनिवेश बनाउन सकेन र नेपालको स्वतन्त्रता सदा-सर्वदाको लागि अक्षुण्ण रह्यो।

वास्तवमा भीमसेन थापा नै एकमात्र यस्ता राजनेता थिए जसले भारतीय राज्यहरूलाई हडप्नको निम्ति तत्कालीन ब्रिटिश गवर्नर जनरल लर्ड वेलेज्लीले लागु गरेको 'संरक्षण-नीति' को अर्थ बुझेका थिए।[४] यसर्थ उनले यी सबैबाट सजग भएर कूटनीति एवं वीरता दुवै तरीका प्रयोग गरी अङ्ग्रेजी शक्तिको सामना गरेर नेपालको स्वतन्त्रताको सुरक्षा गरे भने संवत् १८४९ सालमा नेपाल-चीनयुद्ध समाप्त भएपछि

---

[३] चित्तरञ्जन नेपाली– **जनरल भीमसेन थापा**– पृष्ठ १३

[४] विलियम हन्टर– **लाइफ अफ ब्रेन हाडसन**– पृष्ठ ९९

पनि नेपाल र चीन-तिब्बतको सम्बन्धमा रहिरहेको सुस्नीपनालाई तिनले मैत्रीपूर्ण व्यवहारबाट गतिशीलता प्रदान गरे। यो नै उनको सफल विदेशनीति थियो; कारण – "उनको निम्ति आफ्नो देशको स्वतन्त्रता-भन्दा प्यारो र नजिकको वस्तु अरू केही छैन।"[५]

भीमसेन थापाले आफ्नो एकतीस वर्षको शासनकालमा देशको आन्तरिक व्यवस्थातर्फ पनि निकै सुधार गरेका थिए। नेपालको सैनिक संगठनलाई आधुनिकीकरण गरी सुसंगठित गर्ने पहिलो सेनापति त उनी छँदैथिए, साथै उनले प्रशासन (निजामती) व्यवस्था, न्यायव्यवस्था एवं व्यापार-व्यवसायतर्फ पनि विभिन्न सुधार गरेर नेपालको प्रशासनिक एवम् आर्थिक जगलाई मजबूत बनाए। यसरी नै उनले विभिन्न किसिमको सामाजिक सुधार गरेका थिए भने धरहरा, सुनधारा, बागमतीको पुललगायत विभिन्न निर्माणकार्य सम्पन्न गराएका थिए। यसरी नै ठाउँठाउँमा बाग-बगैंचाहरू लगाउनुको साथै बजार-बस्तीहरू पनि बसाएका थिए। यसरी उनले "अध्यवसाय एवं दृढताद्वारा आफ्नो सारा समय र योग्यता राज्यको सेवा गर्नमा लगाएका थिए।"[६]

भीमसेन थापा यसरी देशको सुरक्षा एवं सुव्यवस्थामा व्यस्त रहेको बेला उनको शासनकालको उत्तरार्द्धतिर राजदरबारभित्र उनको विरुद्ध षड्यन्त्र हुन थाल्यो। विशेष गरेर संवत् १८८८ चैतमा नायब बडामहारानी ललितत्रिपुरासुन्दरीदेवीको मृत्युपश्चात् तत्कालीन महाराजाधिराज श्री ५ राजेन्द्रविक्रम शाहका महारानीहरूले राज्यको प्रशासनमा हात हाल्ने इच्छा गरेपछि भीमसेन थापाको विरोधमा षड्यन्त्रले गति लिन थाल्यो।[७] यस कार्यमा मुख्यतया तीन शक्ति सक्रिय थिए – जेठा बडामहारानी साम्राज्यलक्ष्मीदेवी, रणजङ्ग पाँडे (तथा पाँडेसमूह) एवं ब्रिटिश रेजिडेन्ट। यो समूह श्री ५ राजेन्द्रविक्रम शाहलाई पनि आफ्नो पक्षमा ल्याउन सफल भएपछि भीमसेन थापाको दिन सीमित हुन थाल्यो।

---

[५] हेनरी ओल्डफिल– **स्केचुस फ्रम नेपाल**– भाग १, पृष्ठ २९९

[६] ऐ. ऐ.,– **स्केचुस फ्रम नेपाल**– भाग १, पृष्ठ ३०२

[७] चित्तरञ्जन नेपाली– **जनरल भीमसेन थापा**– पृष्ठ ३१

'भीमसेन थापालाई कुनै अपराधमा फसाइ तिनको राजनैतिक पतन गराउन उपयुक्त बहानाको खोजी हुँदै थियो।'[८] संवत् १८९४ सालमा आएर तिनका विरोधीहरूले बहाना भेट्टाए। केही दिनदेखि बिरामी भएका बडामहारानी साम्राज्यलक्ष्मीदेवी शाहका ६ महीनाका कान्छा छोरा देवेन्द्रविक्रम शाहको संवत् १८९४ साल श्रावण वदी ७ का दिन मृत्यु भयो। अधिराजकुमारको यही मृत्युबाट षड्यन्त्रकारीहरूले राजनैतिक फाइदा लिने दाउ रचे। भीमसेन थापाको सल्लाहमा औषधि गर्ने वैद्यहरूले विषयुक्त औषधि प्रयोग गरेकोले अधिराजकुमारको मृत्यु भएको हो भन्ने आरोप लगाएर वैद्यहरूसँगै भीमसेन थापा र उनका भाइ-भतिजाहरूसमेतलाई नेल ठोकी बन्दी बनाए। यसरी एकतीस वर्षसम्म इमान्दारीपूर्वक देश र नरेशको सेवा गर्ने भीमसेन थापाको अवसान षड्यन्त्रपूर्ण ढङ्गबाट एकाएक हुन गयो।

श्री ५ महाराजाधिराजको साम् विषमुद्दा शुरू भयो। बूढो भीमसेन थापाले इन्कारीपूर्वक प्रतिरोध गरे – "सरकारले मेरो पोल्टामा हगिबक्सेको गुहुको दाग अझसम्म गएको छैन। मैले मार्न चाहेको भए उसैवेला सरकारलाई नै मार्न सक्थें। यस्ता थाङ्ने भुसुने बालकलाई मारेर मलाई के फाइदा?"[९] हुन पनि श्री ५ राजेन्द्रको जन्म हुँदा भीमसेन थापा मुख्तियार नै थिए[१०] भने नाबालक देवेन्द्रबिक्रम शाह गद्दीका उत्तराधिकारी पनि थिएनन्। आठ महिनापछि भीमसेन थापा निरपराध ठहरी बन्धनबाट मुक्त भए।

भीमसेन थापाको बन्धनमुक्तिबाट उनका बिरोधीहरू सतर्क भए। तिनीहरूले तिनलाई सधैंको निम्ति पन्छाउने विचार गरी संवत् १८९६ सालमा पुरानो विषमुद्दा उल्टाएर पुनः बन्दी बनाए। साथै अरू पनि मुद्दा लगाए। प्रमाणको निम्ति झूठो कल्पित कागजात तयार गरियो। भीमसेन थापाले फेरि पनि कडा बिरोध गरे। उनका विरोधीहरूले उनलाई दोषी ठहराउने साहस गर्न सकेका थिएनन् भने उनलाई बन्धनबाट मुक्त पनि गरेका थिएनन्। तिनीहरूले भीमसेन थापालाई दिइने सजाय भनेर अनेक हल्ला चलाएर उनको कानमा पुऱ्याएर उनको आत्मबल टुटाउने प्रयास गरे। यस कार्यमा उनीहरूले नैतिकताको

---

[८] बाबुराम आचार्य– **अब यस्तो कहिल्यै नहोस्**– पृष्ठ ६६

[९] चित्तरञ्जन नेपाली– **जनरल भीमसेन थापा**– पृष्ठ ४५

[१०] श्री ५ राजेन्द्रको जन्म सन् १८१३ डिसम्बर (तदनुसार संवत् १८६९) मा भएको थियो – हेनोंस् एड्रिएन सेभर– **नेपाल अण्डर राणाज्**– पृष्ठ ४७२

सीमासमेत नाघेर भीमसेन थापाको कानमा यस्तोसम्म हल्ला पुऱ्याए – "उनकी पत्नी (भक्तिकुमारी) लाई वस्त्रहीन तुल्याई शहरमा डुलाइने भएको छ र उनले यो दृश्य गुहुमा गाडिएर हेर्नुपर्नेछ ।"[११]

विभिन्न किसिमको हल्लाबाट त्यसवेलासम्म किञ्चित विचलित नभएका भीमसेन थापालाई यस हल्लाले ठूलो आघात पुऱ्यायो, उनको धैर्य टुट्यो र यस्तो अमानुषिक दृश्य हेर्नु नपरोस् भनी बन्दीकोठाको झ्यालको ऐना फोडेर त्यसैको टुक्राले घाँटी सेरी आत्महत्या गर्ने प्रयास गरे ।[१२] यो घटना संवत् १८९६ साल श्रावण ८ गते भएको थियो । एकै पटकमा उनको गला छिनिएन । त्यसबेला उनलाई औषधिमूलो गरेको भए शायद बाँच्ने थिए होलान्, तर औषधि गर्ने त कुरै छोडौं त्यस्तो मर्नु न बाँच्नुको अवस्थामा परी छटपटाइरहेका एवं रगतले लतपत भएका अर्धचेत भीमसेन थापालाई विष्णुमती नदीको किनारामा बेवारिस अवस्थामा फ्याँक्न पठाइयो र त्यहीं ९ दिनसम्म छटपटाएर आखिर श्रावण १६ गते उनले प्राणत्याग गरे । उनको दाहसंस्कारसम्म गर्न दिइएन र पालो-पहरा राखेर उनको लाशलाई स्याल, कुकुर र गिद्धहरूलाई खुवाइयो ।[१३] यसप्रकार एक महान् देशभक्तको अमानुषिक ढङ्गबाट दुःखदायी अन्त हुन गयो ।

यिनै मुख्तियार भीमसेन थापाको अन्तिम ९ दिनको दारुण अवस्था नै सिद्धिचरण श्रेष्ठको प्रस्तुत काव्य **भीमसेन थापा**को आधारभूमि हो । एक महान् राजनेताको अमानुषिक दुर्दशाबाट प्रभावित भएर नै उनले यस काव्यको रचना गरेका हुन् । कविकै शब्दमा–

"नेपालको राजनैतिक इतिहासमा लामो समयसम्म मुख्तियार पदमा रही देशको हाली-मुहाली चलाएका भीमसेन थापाको करुण कथा र व्यथालाई मैले आजभन्दा दुई दशक पहिलेदेखि नै शब्दमा उतार्न थालेको हुँ । सेरिएर जीवन र मृत्युको दोसाँधमा नौ दिनसम्म विष्णुमतीको किनारमा फ्याँकिएका र छटपटाइरहेका भीमसेन थापाको पहिलो दिनदेखि नौ दिनसम्मको कारुणिक मनोदशालाई चित्रण गरी यो ऐतिहासिक खण्डकाव्य आदरणीय पाठकवर्गप्रति समर्पण गरेको छु ।"

---

[११] विलियम हन्टर– **लाइफ अफ बि. हाड्सन**– पृष्ठ १७६

[१२] कसैकसैको भनाइ भुत्ते खुकुरीले भन्ने छ ।

[१३] बाबुराम आचार्य– **अब यस्तो कहिल्यै नहोस्**– पृष्ठ ७०

नेपाली-काव्यक्षेत्रमा युगकवि सिद्धिचरण श्रेष्ठको देनबारे यहाँ कोट्याइरहनु केही आवश्यक छैन । असङ्ख्य फुटकर कविताहरूका धनी सिद्धिचरण श्रेष्ठका लामा कविताका रूपमा कतिपय खण्डकाव्यहरू पनि प्रकाशित भइसकेका छन् । नेपालीभाषा र नेपालभाषामा समेत गरेर अहिलेसम्म प्रकाशित उनका केही खण्डकाव्यहरू यसप्रकार छन् – **उर्वशी**, **मंगलमान**, **आँशु**, **लुभुनी**, **तृष्णा**, **उत्तराविलाप**, **जुनकिरी**, **शवरी**, **आत्मबिलौना**, **ज्यानमाराशैल**, **नेपाल** (एवं **विश्वव्यथा**का विभिन्न अंशहरू) । उनका यी काव्यहरूमध्ये कुनै पौराणिक वा अलौकिक मिथकमा आधारित छन् भने कुनै अत्यन्त आत्मीय व्यक्ति (अझ भनूँ छोरा) को मृत्युबाट विह्वल भई लेखिएको थियो । अनि **मंगलमान**चाहिँ समकालीन राजनैनिक विषमता, अन्याय र शोषणको विरोधमा आधारित थियो । यस प्रसङ्गमा हेर्दा प्रस्तुत शोककाव्य **भीमसेन थापा**को निर्माण भिन्नै परिवेशमा हुन गएको छ भन्न सकिन्छ ।

जस्तोसुकै जटिल एवं दुर्बोध विषयलाई पनि अत्यन्त सरल एवं बोधगम्य तरीकाले प्रस्तुत गर्न सक्नु नै सिद्धिचरण श्रेष्ठको आफ्नो विशेषता हो । उनले यही गरेका छन् **विश्वव्यथा**, **आँसु** र **मंगलमान**मा । अनि **भीमसेन थापा**मा पनि उनको यही शैली, यही तरीका उजागर भएको छ । यस्तो दारुण कथालाई पनि उनले सहज र सरल तरीकाले प्रस्तुत गरेका छन्, तर अत्यन्त मार्मिक ढङ्गले । सिद्धिचरण श्रेष्ठ अत्यन्त संवेदनशील कवि हुनुको साथै एक राष्ट्रवादी व्यक्ति पनि भएबाट भीमसेन थापाको त्यस्तो दारुण दुर्दशाबाट उनी द्रवित हुनु अस्वाभाविक थिएन, त्यो पनि त्यतिका वर्षसम्म शासन सम्हाल्ने राष्ट्रभक्त मुख्तियारको अमानवीय दुर्दशाबाट । यसर्थ कविको तीव्र संवदेनाले गर्दा यस काव्यमा यत्रतत्र सर्वत्र शोक र करुणा व्याप्त छ भने उनको राष्ट्रभक्तिले गर्दा बीचबीचमा राष्ट्रप्रेम पनि छचल्केको छ । अनि नेपाली-काव्यजगत्मा एकमात्र अग्रणी क्रान्तिकारी एवं बिद्रोही कविको रूपमा परिचित सिद्धिचरण श्रेष्ठबाट यस काव्यमा अन्याय र अत्याचारको विरोधमा विद्रोह व्यक्त हुनु पनि स्वाभाविकै भयो । यसरी यी तीनोटै भावनाहरू शोक, राष्ट्रभक्ति एवं विद्रोहको सम्मिश्रण बन्न पुगेको छ– **भीमसेन थापा** काव्य ।

के भो आज छ टक्क कान्तिपुर नै चाञ्चल्य सुस्ताउँदो
सारा कालिगढी सुकेर यसको लावण्य अस्ताउँदो,
के सिङ्गार-पटारले रहित भै आयो उदासीनता
वा जान्छे कि सती समस्त नगरी ली काखमा दीनता ।

यसरी अमरावती कान्तिपुरीको लावण्य अस्ताएको अवस्थाबाट शुरु भएको यो शोककाव्य शुरुदेखि अन्तसम्म करुणै-करुणाले व्याप्त छ, शोक र व्यथाले सन्तप्त छ। सारा नगरको अवस्था नै अस्वाभाविक छ। यसैले भीमसेन थापाका यी कीर्तिहरूमा पनि कवि त्यस दिन स्वाभाविकता पाउँदैनन् –

लागी लाज नुहीनुही धरहरा कैं लुक्न पो खोज्छ कि !
सुन्धारा पनि आज लौ विकल भै रोईरहेको छ कि !
पानी होइन आँसुको भल यहाँ झारीरहेको छ कि !

कति सरल, तर मार्मिक अभिव्यक्ति ! लुक्नै खोजे पनि कहाँ लुकोस् बिचरा धरहरा – भीमसेन थापाको राष्ट्रिय अभियानको प्रतीक ! अनि जस्तै दुःख भए पनि कसरी आँसु झार्न सकोस् बिचरा सुन्धारा – प्यासी जनताको प्यास मेट्न अविरल बगिरहन विवश धारा !

अब हेरौं तलका यी पङ्क्तिहरूमा – सेरिएर मर्नु न बाँच्नुको दोसाँधमा परेका रक्ताम्य भीमसेन थापाको अवस्थाप्रति बन्दीगृहमा पालो बस्ने बिचरा पहरेदारको मार्मिक अभिव्यक्ति –

धारा रक्त छुटेर उफ् दलिनमै रातो थियो सारमा
हेर्थें पस्नु हुँदैनथ्यो तर अहो ! ताला थियो द्वारमा
ताल्चा खोल्न परन्तु क्वै जनहरू आउन्नथे त्यो घडी
ताल्चा थ्यो मुखमा निकाल्न नहुने उच्छ्वास कस्तो हरि !

कस्तो दुर्दशा ! भित्र कोठामा रक्ताम्य भएर छटपटाएर मृत्युको दोसाँधमा छ मान्छे, तर ताल्चा छ ढोकामा, खोल्न कोही आउँदैन। अनि त्यो अवस्था देखेर पनि बिचरा पाले बोल्न कराउन त के सुस्केरासम्म पनि हाल्न सक्तैन; कारण उसको मुखमा पनि ताल्चा छ, भोटे ताल्चा। यसकारण बिचरा पाले बोल्दै नबोली, सुस्केरासम्म पनि हाल्न नसकी टुलुटुलु हेर्न विवश छ यसरी –

ढोकाबाहिर रक्तधार बहँदै आईरहेको थियो
जे होस् किन्तु चुइँक्कसम्म नगरी हेर्नै परेको थियो।

बोल्न नपाए पनि उसको मनले यतिसम्म चाहिं भन्दोरहेछ –

मूढो भैकन हेर्छु त्यो टुलुटुलू हा ! के भयो लौ न नि,
वैरीले पनि देख्नु सुन्नु नपरोस् यस्तो त काहीँ पनि ।

ढोका त खुल्छ कोठाको, तर औषधिमूलो गर्न होइन, बरु ती अधमरा व्यक्तिलाई घिच्याउँदै लगी विष्णुमती नदीको किनारामा फ्याँक्न, ताकि त्यो त्यहीं छटपटाएर मरोस् –

भुत्ल्याएर चरो कठै ! अधमरो ल्याई नदीको तट
फ्याँकेको सरि आज विष्णुमतिमा मान्छे कुनै छट्पट
बेहोशी अनि होशको बिचमहाँ झुण्डीरहेको छ त्यो
सेरी मर्न भनेर मर्न नसकी तड्पीरहेको छ त्यो ।

भीमसेन थापाको आत्महत्याको सम्बन्धमा कुनै इतिहासकारको भनाइ छ–"आत्महत्याको प्रयास गर्नु भीमसेन थापाको मानसिक कमजोरीसिबाय अरू केही हैन ।"[१४] तर त्यसरी षड्यन्त्रपूर्ण ढंगबाट बन्दी बनाइएका भीमसेन थापाले आफ्नी पत्नीको यस्तो दुर्दशा हुने सुनेपछि आत्महत्या नगरी यस्तो दृश्य टुलुटुलु हेरिरहनु बहादुरी होला त ? किनभने यस्तै किसिमको अमानुषिक तरीकाबाट वैद्य भाजुमानको हत्या गरिएको थियो ।[१५] हेर्नोस्, भीमसेन थापाको आत्महत्याको सम्बन्धमा कविको के भनाइ रहेको छ –

ठूलो पाप भनिन्छ शास्त्रहरूमा हो आत्महत्याकन
के लाग्यो तर भीमबाट नभई निर्घात आफ्नो बध
बौलट्टी त्यस कालको खटनमा आफ्नी पियारीकन
नाङ्गै फौजमहाँ घुमाउन सुनी को ज्यून सक्थ्यो भन ?

त्यस्तै –

वीरात्मा कसरी सहन्छ यतिको निष्ठूर बेइज्जती
मान्छन् लाख गुना सधैं असल हो सेरेर मर्नु बरु

---

[१४] बाबुराम आचार्य – **अब यस्तो कहिल्यै नहोस्**– पृष्ठ ७१

[१५] ऐ. ऐ. **पूर्वोक्त** पृष्ठ ६६

यौटा देहनिमित्त दुर्गति सही के वीरले ज्यूँदछ ?
आफ्नो मान र शान राख्न उसले मृत्यु स्वयं रोज्दछ ।

एउटा देशभक्त, राजभक्त राजनेता जसले आफ्नो सारा जीवन देश र नरेशको कल्याणमा बिताए त्यस्ता व्यक्तिको त्यस्तो किसिमबाट अवसान भएकोमा राष्ट्वादी कवि सिद्धिचरणको मनमस्तिष्क रन्थनाउँछ भने त्यो अस्वाभाविक हैन । यसर्थ उनी भन्छन् –

आफ्नो शक्ति तमामले मुलुकको सेवा गरी सर्वदा
मान्छे भैकन ऊ जियो मुलुकको रक्षा र सम्मानमा
राजा रैयतनिम्ति रैयत सधैं राजानिमित्तै भनी
जसको जीवनले प्रभावित गऱ्यो, त्यसकै फुट्यो जीवनी ।

साथै,

यो कस्तो जडता विदीर्ण दिलको यो प्राणघाती व्यथा–
यो देख्ता पनि चूपचाप रहने यो मर्मघाती कथा–
साँच्चै घोर अनर्थ पो हुन गयो के देख्नु यस्तो पऱ्यो
भाँचूं लाग्छ मलाई यो कलम नै के लेख्नु यस्तो पऱ्यो !

यत्तिकैमा कवि चुप हुँदैनन् । विद्रोही कवि सिद्धिचरण श्रेष्ठको लेखनी अन्यायको विरोध नगरी कसरी मौन रहन सक्छ ? यसर्थ उनी अन्यायको विरोध गर्न आह्वान् गर्छन्–

नेपाली जन चूप छौ तिमीहरू अन्याय यस्तो सही
बोल्दैनौ किन न्यायका दुई कुरा हा ! प्राण लुछ्दा पनि ?

साथै,

थुक्ला है इतिहासले यदि यही लिन्छौ भने भीरुता
मुर्दाको चकमन्नता पनि यहाँ लज्जाउने मौनता ।

कविको यो आक्रोश केवल जनतामा मात्र सीमित हुँदैन । उनलाई थाहा थियो – भीमसेन थापा देशभक्तको साथै अनन्य राजभक्त

पनि थिए । यसैले उनी राजाको अहित हुने कुनै पनि कार्य गर्न सक्तैनन्, न त नावालक अधिराजकुमारको हत्या नै गर्न सक्छन् । यसै कुरालाई लिएर कवि आफ्नो भावना यसरी पोख्छन् भीमसेन थापाको वाणी भएर –

हत्या राजकुमारको किन गरुँ के स्वार्थ यस्तो गरी
यस्तो नीच कुकर्म गर्छ यसले भन्ने कुरामा परी
राजा ! आज मलाई सेरिनु समेत् पर्ने अवस्था दियौ
मेरो जीवनको तमाम रचना च्यातेर फालीदियौ ।

यसरी अरूहरूको अर्थात् षड्यन्त्रकारी भारादारहरूको कुरा सुनेर भीमसेन थापामाथि राजाले गरेको अन्यायपूर्ण कार्यको विरोधमा कवि आफ्नो आक्रोश यसरी व्यक्त गर्दछन् –

राजा कत्ति नसोचने र अरुकै हाहा करैमा परी
यस्तो निष्ठुर लाञ्छना पनि ममा थोपर्दियौ बेसरी
राजा भैकन यत्ति दुर्बल भई के काम चल्ला हरे !
यो नेपाल बनाउने क्रम यहाँ जारी कसोरी हुने ?

यसर्थ राजाले बिबेक-बिचार पुऱ्याएर कार्य गर्नुपर्दछ न कि अरूको हाहामा मात्र लागेर । किनभने –

नासो हो बुझ राज्य भन्नु जनको माग्छन् त फिर्ता पनी
राजाले दिनुपर्छ हर्षमनले कर्तव्य आफ्नो भनी
नासोलाई समाल्न सक्षम भई बन्नू प्रजावत्सल
जस्तै पार्दछ मेघले हरघडी बाली सपार्ने जल

यसप्रकार युगकवि सिद्धिचरण श्रेष्ठको प्रस्तुत काव्य **भीमसेन थापा** करुणाप्रधान काव्य भए तापनि यसमा राष्ट्रप्रेम र अन्यायविरोधी आक्रोश पनि सम्मिश्रित छ । उनका अधिकांश अन्य काव्य वा कविताहरूमा पनि यस्तै भावनाहरू विद्यमान रहेको हामी पाउँछौं । निश्चय पनि सिद्धिचरण श्रेष्ठले **भीमसेन थापा** काव्यको रचना गरेर नेपाली काव्यजगत्मा एक अर्को अमूल्य देन दिएका छन् । अस्तु ।

# एक

के भो ! आज छ टक्क कान्तिपुर नै चाञ्चल्य सुस्ताउँदो
सारा कालिगडी सुकेर यसको लावण्य अस्ताउँदो
"के सिङ्गारपटारले रहित भै आयो उदासीनता
वा जान्छे कि सती समस्त नगरी ली काखमा दीनता" ॥१॥

यामै श्रावणको छ किन्तु अहिले बाधा परेको कुन ?
गोज्याङ्ग्रो सरी हाँस्न थाल्छु कहिले शोकाश्रु झारी रुन
मान्छे छन् सब चूपचाप कसरी सातो उडेको छ कि !
चौतर्फी जब शैलराजहरू छन् नैराश्य ढिक्कासरि ॥२॥

खोई कान्ति कता छ ? कान्तिपुरको ह्रिस्सी, छटा जग्जगी ?
लागी लाज नुहीनुही धरहरा कैं लुक्न पो खोज्छ कि !
सुन्धारा पनि आज लौ विकल भै रोईरहेको छ कि !
पानी होइन आँसुको भल यहाँ झारीरहेको छ कि ! ॥३॥

कस्तो भार गऱ्यौं परेर दिलमा मान्छे उदासीन छ
के भो आज यहाँ स्वयम् प्रकृति नै रोयो कि भ्रैं लाग्दछ
कस्तो साबिक थ्यो परन्तु अहिल्यै यो हाल कस्तो भयो
ध्वाँसो टम्म दलेर कान्तिपुर नै बेतालको देखियो ॥४॥

खाएको सरि नून कान्तिपुर यो भोक्रीरहेको किन ?
के भो भीषण पीर त्यो कुन पऱ्यो नैराश्य यस्तो किन ?
राम्रो औ शुभको कुनै पनि यहाँ भेटिन्न क्यै लक्षण
चारैतर्फ समस्त कान्ति अहिले रोईरहेको किन ? ॥५॥

जम्काभेट छ बल्ल मित्र दुइटा गुम्सेर धेरै दिन
के भो आपस स्नेहको भल कुनै उर्लन्न छाती छुन
मानौं आज निषेध हिँड्न ममता नेपालको मार्गमा
यद्वा मानवता विरोध दिनको हो यो कुनै योजना ॥६॥

श्रद्धा, भक्तिनिमित्त आज छ ठुलो एकादशीको दिन
पूजा, स्नान र पाठले मल धुने पारौं हिया पावन
श्रद्धार्थीहरू तीर्थ-तीर्थहरूमा जान्छन् बिहानै उठी
के भो किन्तु बिरक्त देख्छु सब ता मानौं मलामी सरि ॥७॥

गर्दै धर्म र कर्ममा रत भई एकान्तमा गै बसी
पार्ने निर्मल चित्त नै छ सबको हो  आज एकादशी
के भो के स्थिर चित्त नै नरहने आगो बलेकोमहाँ
बस्दाको सरि आज देख्छु सबको कस्तो अवस्था यहाँ ! ॥८॥

साराको मनभित्र शान्ति नरही ऐले कता गो कता
कालो घोर अशान्तिको भल बगी डुब्दैछ सारा छटा
रुन्छन् बालक-बालिकाहरू उसै आफै पिरोलेसरि
त्यो अज्ञात, अदृश्य हेतु कुन हो बुझ्नै नसक्ने पनि ॥९॥

पानी आज परेर झम्झम यहाँ केही न होश छ
धोई घाउ सफा गरेर उसमा को सान्त्वना छर्दछ ?
मानौं कष्ट अथाहको प्रकृतिले छर्केर पानी सुधा
उस्को घाउ निको बनाउन भनी तम्सीरहेकी यहाँ ॥१०॥

आई राजमतीहरू जलघडा बोकेर हिँड्छन् कति
चिप्लन्छन् तर भग्न आशक कुनै सौन्दर्य हिस्सी लुटी
ज्यूँदो पार्ननिमित्त त्यो छिन कुनै कोर्दैन गाना किन ?
भावावेग कतै ननिस्कन दिने हेक्का रह्यो छिन्छिन् ॥११॥

के को त्रास छ व्याप्त आज यसरी कस्तो नराम्रो घडी
उड्छन् काग र गिद्ध व्योमभरमा नाना कुशङ्क छरी ।
के बेसाइत सूचना दिन गयो आपत् कुनै भीषण
लागेको छ कि खुल्नखुल्न अहिले बिच्छी दिई दर्शन ॥१२॥

पर्दा आपत देशमाथि जसले रक्षा गरी सर्वदा
हाम्रो इज्जत शान राख्न चतुरा ती वृद्ध मन्त्री कता ?
घोडा कट्कट टापको पवनको सन्तान होला सरि
चढ्दै बाहिर निस्कँदैन किन ऊ विश्वास, आशा छरी ? ॥१३॥

निस्कन्नन् किन भीमसेन अहिल्यै छैनन् कि यो देशमा ?
यो वेला उनलाई देख्न पनि ता हुन्थ्यो अरे सान्त्वना
जाडोको दिन घाम तुल्य उनको अस्तित्व हुन्थ्यो यहाँ
घुम्छन् लायक वीरको मुखमहाँ आपत्ति टार्ने छटा ॥१४॥

यो निश्चेष्ट शरीरभित्र कसरी आँधी, हुरी यत्तिको ?
केही हल्चल छैन किन्तु मनमा बीभत्स ज्वाला अहो !
यो जाबो तन तीन हात यसको सेरो र फेरो न हो
ओगट्ने सब वेदना जगतको आलोक यो चेत हो ॥१५॥

# दुई

ए ! के भो नहुने कुरा हुन गयो बित्यास-बित्यास भो
रक्तस्नान गरेर भीम मुखिया भैंमा ढलेको छ त्यो
भित्तामा पनि रक्तधार कसरी लागिरहेको अहो !
देख्ता हुन्छ छियाछिया हृदय यो साह्रै नराम्रो भयो ॥१॥

छातीमा कुन पीर बज्रन गई यो काण्ड यहाँ भयो
मन्त्री भीम प्रबुद्धले किन हरे ! यो आत्महत्या गऱ्यो
सारा सन्न भई सुनी खबर यो विश्वास नै हुन्नथ्यो
कालो, क्रूर, कठोर वास्तविकता जिब्रा निकालीरह्यो ॥२॥

ली कानेखुस मार्ग जत्ति फिँजियो कालो समाचार यो
मान्छे होशविहीन तुल्य हुन गै केवल सुनी नै रह्यो
यो कानेखुस साँप देशभर नै घुम्दै छ पोख्तै विष
कस्तो सन्सन यो प्रभाव जसको मान्छे हुने निश्चल ॥३॥

यो संसारमहाँ हुने र नहुने को सक्छ खुट्ट्याउन
के दोषी हुनु भीम, गर्नु उनले हत्या छ के सम्भव ?
उल्टो सृष्टि चल्यो र भग्न दिलमा निर्घात भूकम्प भो
आस्था, शक्ति र भक्ति, मुक्तिहरूको विश्वास नै हल्लियो ॥४॥

ए भुत्ते खुकुरी ! सहायक बनी यो काण्ड तैंले रचिस्
फोरी उज्ज्वल देशको मुटु चिरी सारा अँध्यारो गरिस्
केवल् साधन मात्र नै तँ त नहोस् के दोष तेरो भनूँ
यस्तो निर्मम वाध्यताकन यहाँ धिक्कार हो ल्याउनु ॥५॥

दोषी भन्दछ भीमसेनकन को ? सक्दैन यस्तो हुन
ढुङ्गामा वरु पद्म फुल्दछ भने विश्वास गर्नेछु म
मार्ने बालकलाई भीम कहिले षड्यन्त्रकारी हुन
सक्दैनन् भनि देशका सबजना सक्छन् सही लाउन ॥६॥

ठूलो पाप भनिन्छ शास्त्रहरूमा हो आत्महत्याकन
के लाग्यो तर भीमबाट नभई निर्घात आफ्नो बध
बौलट्टी त्यस कालको खटनमा आफ्नी पियारीकन
नाङ्गै फौजमहाँ घुमाउन सुनी को ज्यून सक्थ्यो भन ? ॥७॥

वीरात्मा कसरी सहन्छ यतिको निष्ठूर बेइज्जती
मान्छन् लाख गुणा सधैं असल हो सेरेर मर्नू बरु
यौटा देहनिमित्त दुर्गति सही के वीरले ज्युँदछ ?
आफ्नो मान र शान राख्न उसले मृत्यु स्वयं रोज्दछ ॥८॥

फोस्रो बात गरेर दोष त्यसको थुप्रेर आफूमहाँ
नडग्याई अझ पर्सिएर अहिले छाड्ने भनी फौजमा
सुन्दा भीम भएर क्षुब्ध दिलको अत्यन्त मर्माहत
आफैमाथि प्रहार गर्न उसले मान्यो बरु इज्जत ॥९॥

चेष्टा निष्फल मर्नुको हुन गई छ श्वास चल्दो अझ
माछो झैं कति छट्पटी हुन गई तातो कराई विच
यस्तो त हुनु हुन्नथ्यो तर भयो दुश्चक्र हो कालको
गाह्रो पर्छ न मर्नु, घिट्घिट भई उम्काइदे प्राण यो ॥१०॥

पाले जो त्यस कालमा जति थिए भन्थे डराई बरा
कस्तो काल कठोर पस्न नहुने ताल्चा थियो द्वारमा
ढोका प्वाल चियाइ भित्र जब यो देखें कराएँ पनि
आएँ धेर परन्तु शक्ति नभई हेरेर फर्के अनि ॥११॥

नर्माया यतिसम्म देशभरिमा मैले कतै देखिनँ
त्यो वेला पनि कत्ति औषधिमुलो त्यो ठाउँमा पाइनँ
यौटा वस्त्र लिएरसम्म पनि क्वै पुछ्दैनथ्यो घाउमा
भन्थे पाप फुटेर दुर्गति भयो, पाँडेहरू गाउँमा ॥१२॥

देखें आज नदेख्नु थ्यो जुन कुरो बीभत्स दृश्यावली
कालीमन्दिर-बेदीमा बलि बनी राँगो ढलेको सरि
के संझूँ अति नारकीय घटनालाई मरेको भनी
वैरीले पनि देख्न, सुन्न नपरोस् यस्तो त काहीँ पनि ॥१३॥

टण्टा, भार सबै बिसाउन भनी यो आत्महत्या गऱ्यो
रोजेको उसले प्रयत्न नपुगी सङ्कष्टमा ऊ पऱ्यो
आलो घाउ छ हेर रक्त बहने क्या वेदना खप्दछ
कैले खुल्दछ होश कहिले बेहोश भै ढल्दछ ॥१४॥

# तीन

भुल्ल्याएर चरो कठै ! अधमरो ल्याई नदीको तट
फ्याँकेको सरि आज विष्णुमतिमा मान्छे कुनै छट्पट
बेहोशी अनि होशको बिचमहाँ झुण्डिरहेको छ त्यो
सेरी मर्न भनेर मर्न नसकी तड्पीरहेको छ त्यो ॥१॥

चिन्ता दारुणबाट मुक्त हुनको चेष्टा गरी सेरिया
के भो प्राण परन्तु छुट्न नसकी अड्की तनैमा रह्यो
आलो घाउ अझै छ भल्भल गरी निस्कीरहेको रगत्
मायाले तर छैन क्वै पुछिदिने कस्तो अँध्यारो बखत् ! ॥२॥

कोही छैन परन्तु साथ उसको दुर्भाग्यमा ऊ पऱ्यो
यस्तोमा पनि एक साथ नहुने के पाप उस्ले गऱ्यो ?
वैरीले पनि देख्नु, सुन्नु नपरोस् यस्तो त काहीं पनि
यस्तो हालत लेख्न सक्तिनँ म ता थामू कि यो लेखनी ॥३॥

यौटा लास छ किन्तु श्वास उसको चल्दै छ ऐलेतक
बेवास्ता अवहेलनाबिच परी पीडा छ मर्मान्तक
यो नै व्यक्ति थियो प्रशस्त जसको यो देशमा हैकम
ऐले हेर सहीरहेछ कसरी यो यातना निर्मम ॥४॥

श्रद्धा, भक्ति अनन्त काल जसले यो देशभित्रै भऱ्यो
सम्झी केवल देशनिम्ति जसले कर्तव्य धेरै गऱ्यो
केही मान नपाई प्रेम ममता सुक्दै छ डढ्दै यहाँ
यस्तो निष्ठुरता कहीं जगतमा होला र सम्भावना ? ॥५॥

थोपा आँसु चुहाइ आज उसको क्वै छैन रोईदिने
लाएको उसले अनेक गुणको क्यै मोल सम्झीदिने
ऐले हा ! जलबिन्दुसम्म मुखमा पार्ने भएनन् कुनै
के लाग्यो उसको भएपछि हरे ! बैरी स्वयं दैव नै ॥६॥

कस्तो जीवन थ्यो कसो हुन गयो हा कालको चक्र यो
यौटा सानु चरो उडी गरुड झैं आकाश ढाक्ने भयो
झोक्का एक परेर किन्तु अहिले यो दुर्दशामा पऱ्यो
जाबो जीवन्त निर्घिन एक तुच्छ भुसुना जस्तै भई त्यो मऱ्यो ॥७॥

नेपाली जन चूप छौ तिमीहरू अन्याय यस्तो सही
बोल्दैनौ किन न्यायका दुइ कुरा हा ! प्राण लुछ्दा पनि
के भो आज म सोच्न सक्दिनँ हरे ! निस्तब्ध सारा जन
कस्तो घोर कलङ्क देशबिचमा लाईरहेछौ भन ? ॥८॥

पुर्खाको गरिमा कतातिर डुब्यो नेपालको शानमा
ध्वाँसो घोर लगाउँदै जिउनु छया ! हे देशका कालिमा
तिम्रै देश न हो यहाँ यदि कुनै बेइज्जती हुन्छ त
तिम्रो नाक यहाँ रहन्छ कसरी ठाडो भई लौ भन ? ॥९॥

यस्तो ता हुनुहुन्न हुन्न यसले बिग्रन्छ देशै पनि
भावी सन्ततिमाथि छाप यसको पर्ला बडो बैगुनी
तिम्रो न्याय मरीरहेछ कसरी यो देशका पक्षमा
केको आड लिएर फेरि जिउने यो घोर सङ्घर्षमा ? ॥१०॥

हुन्छन् निश्छल बीरकर्महरूको आधार यो लोक नै
त्यो नै लोक कृतघ्न भैँ भइदिए के अर्थ सत्कर्मकै ?
तिम्रो नै हकको निमित्त उभिने त्यो उच्च खम्बा ढल्यो
बोल्दैनौ किन किन्तु हा ! चुइक नै नैराश्य कस्तो लियौ ? ॥११॥

थुक्ला है इतिहासले यदि यही लिन्छौ भने भीरुता
मुर्दाको चकमन्नता पनि यहां लज्जाउने मौनता
धिक्कार्ने छ भविष्यले जतिसुकै टाढा पुगे तापनि
तेसैं यो घटना सधैं छ रहने पीडा र बेथा बनी ॥१२॥

आफ्नो चीज महान् समाल्न नसकी फ्यांकीरहेछौ भने
तिम्रो निम्ति मरेर फेरि कसले गर्ने भलाई हुने ?
नेपालीहरू बिम्फ-बिम्फ जनको कल्याणमा दिन्दिन
यौटा बीर मरीरहेछ कसरी हा ! तड्पँदै छिन्छिन ॥१३॥

कैल्यै घट्न दिएन मान उसले यो देशको उज्ज्वल
कैल्यै घट्न दिएन शान उसले यो देशको निर्मल
कैल्यै लाग्न दिएन दाग उसले नेपालको भालमा
कैल्यै मेट्न दिएन कत्ति उसले सीमा कुनै कालमा ॥१४॥

आफ्नो शक्ति तमामले मुलुकको सेवा गरी सर्वदा
मान्छे भैकन ऊ जियो मुलुकको रक्षा र सम्मानमा
राजा रैयतनिम्ति रैयत सधैं राजानिमित्तै भनी
जस्को जीवनले प्रभावित गऱ्यो, त्यस्कै फुट्यो जीवनी ॥१५॥

यो कस्तो जडता विदीर्ण दिलको यो प्राणघाती व्यथा
यो देख्ता पनि चूपचाप रहने यो मर्मघाती कथा
साँच्चै घोर अनर्थ पो हुन गयो के देख्नु यस्तो पऱ्यो
भाँचूँ लाग्छ मलाई यो कलम नै के लेख्नु यस्तो पऱ्यो ! ॥१६॥

# चार

ऊ ! शङ्खध्वनि बज्छ जागरणको आह्वान यो होइन
घण्टा बज्दछ टिन्न मन्दिरमहाँ यो अर्चना होइन
घण्टा, ढोलक, शङ्ख आज सब नै यौटै कुरा भन्दछन्
कालैको पनि निल्न आँट नहुने यो भीम मूर्छा किन ? ॥१॥

मीठो कण्ठ अजस्र गीत-गठरी खोल्दै धरामा चरा
मानौं भन्छ कतै अपार दिलझैं लौ भीमलाई बच्चा
घन्क्यो गीत 'बचा-बचा' ध्वनित भै आकाशमा गुञ्जन
पोत्छन् साबिक झैं घुमेर घरमा लक्ष्मीहरू आँगन ॥२॥

खुल्छन् खुल्न त द्वार ती घरघरै कर्तव्यधारा छुन
किङकर्तव्यविमूढ भैकन सबै छन् घाइते नै तर
हत्या भीम अमात्यको हुन गई हत्या स्वयंको सरि
नेपाली जन आज आहत भई ज्यूँछन् यहाँ के गरी ? ॥३॥

स्वास्नीमानिस यन्त्रझैं जलघडा च्यापेर काखीबिच
पानी भर्न हिजो र अस्ति सरि नै जान्छन् पँधेरातिर
पानी भर्न परन्तु झट्ट नसकी आफै विचार्छन् पनि
पानीको बदला यहाँ रुधिर पो बग्दै रहेको कि क्या ! ॥४॥

पीडाभित्र असैह्य आज हुन गै रेट्दा गला भूमिले
आएको सरि रक्तधार बहँदै झर्नाहरू हुन् कि के !
तातो नै छ अझै प्रवाह त्यसको यो आत्महत्या दिन
यस्तो नै छ तमाम देशभरिमा जानी नजानीकन ॥५॥

गाई पनि दूधधार रगतै निस्केसरी लाग्दछ
मान्छेको सब कर्मको गतिमहाँ रोक्का उसै आउँछ
सारा गडबड नै छ आज मनमा अन्योल-अन्योल छ
ज्वालाभित्र छ किन्तु बाहिर भने सुन्सान-सुन्सान छ ॥६॥

भोली आउँछ छोप्नखातिर हिजो जस्तो हिजोअस्तिको
लागी राश अतीत बन्छ गहिरो छोपेर छोपिन्न त्यो
कालो दुर्घटना हिजो जुन भयो त्यो आज झन् चर्कियो
बाक्लो दूर भविष्यसम्म पनि क्यै छोपिन्न, ढाकिन्न त्यो ॥७॥

बोल्दैनौ किन चूप छौ तिमीहरू हे बज्रठिङ्गाहरू !
मान्छेको किन भेष ? बाँच पशु झैँ खाएर घाँसै बरु
केवल भार बढाइ पृथ्वीतलको के जन्म याहाँ लियौ ?
कस्तो घोर कलङ्कको बिउ छरी नेपाल कालो गऱ्यौ ? ॥८॥

यो पीढीकन लाख-लाख थरिको धिक्कार-धिक्कार छ
आफ्नो मानिसलाई चिन्न नसकी तड्पाई जो मार्दछ
त्यस्तो पो कुन बाध्यता हुन गयो आरोप झुट्टा लिने ?
आफ्नो मानिस भीम भन्न नसकी के के भयो देशमा ? ॥९॥

हे मेरा प्रिय देशका जनहरू सोझा र सीधा सब !
यस्तो घोर अनर्थको बिच समेत् बोल्दै नबोल्ने किन ?
तिम्रो मानिसलाई आज यसरी हत्या गरायौ भने
तिम्रो ज्यान यहाँ सुरक्षित भनी को भन्न सक्ने हरे ! ॥१०॥

तिम्रा ती प्रहरी अनेक लहरी छन् उर्लँदै नेत्रमा
टाढा देश कुनाकुनातक भिजी छाईरहन्थे जुन
सेनाको पनि उच्चता शिखरको चाहन्छ रे पल्टन
ऊ पल्टन्छ त देशको कुन दशा जाओ उठाओ अब ॥११॥

जिभ्रो थुत्छ भनेर काँथर बनी छोपेर साँचो कुरा
यस्तो निर्धिन, बाध्यताकन लिई बस्दै छ मान्छे यहाँ
अन्यायीहरू देशमा बिउ समेत् राख्तै नराखौं भनी
उर्लेको दिल एकसम्म पनि के नेपालमा छैन कि ? ॥१२॥

बोकी देश चलाउने रथमहाँ पाङ्ग्रा थियो जो अघि
थर्कन्थ्यो मुटुसम्म शत्रुहरूको यो भीम नामै सुनी
ऐले यो छ यहाँ कठै ! अधमरो बोकेर पीडाव्यथा
के यो देशमहाँ छ दुर्लभ हरे ! मर्दा समेत् सान्त्वना ? ॥१३॥

ठूलो भेलसमान जीवन छ यो उर्लेर चाँडै गयो
यो जो उर्लनु कालमा जति भयो यस्को निशाना रह्यो
यस्तो भेल बुझेर जीवन यहाँ क्यै काम आजै गर
भोलीको जनजीवनै बिच हुने साँचो सुबिस्ता छर ॥१४॥

उस्को निम्ति त प्यार छैन यसमा आशा कसैको न त
त्यो वेला पनि छैन औषधमुलो त्यै देशको घातक ?
सान्है कष्ट छ हाय ! आज उसको प्रस्थानवेला छ यो
सान्है दर्द र दुःखको विरहले तड्पेर मर्ने भयो ॥१५॥

उस्ले देशनिमित्त जोजति गर्‍यो फुस्सा भए ती सब ?
के उस्को शुभ कर्म ती फजुलका देखावटी मात्र त ?
उस्को देशनिमित्त घातक सबै दुष्कर्म उस्का भए ?
उस्का ती जनवर्ग नत्र यसरी हुन्थे बिराना किन ? ॥१६॥

## पाँच

यो हो लौ कुन ठाउँ ए ! किन यहाँ आईरहेको म छु
अड्केको किन प्राण आज यसरी ? बेहाल यो जान्दछु
छैनन् मानिस भन्नु कोही पनि यहाँ कस्तो हरे दुर्दशा !
यो हो लौ कुन कालको कुदिन हो, या हो कि कालो निशा ? ॥१॥

आफूमाथि भरे प्रहार गरिने त्यो शस्त्रमा पाइन
मैले खूब दिएँ बडो जतनले जम्मै लगाई बल
ऐले शस्त्र त्यही ममाथि यसरी गर्दै छ आघात यो
खै के भन्नु यहाँ जतिजति भयो मेरै त कर्तूत हो ! ॥२॥

ठान्थिस् भीम तँ बुद्धिमान युगको कल्ले गिरायो तल ?
तेरो बुद्धि र जोश, होश नपुगी भोगिस् नराम्रो फल
गर्छन् ईश्वर ता सधैं असल नै बुभ्नेहरू छन् कति
मेरो दुर्गतिले यहाँ जति भयो के भो त मेरो क्षति ? ॥३॥

आफ्नो सत्य स्वरूप झट्ट नछुटी मेरो दशा यो भयो
छाडूँ छाड्न सकिन्न झन्झन फसैं बेहाल मेरो भयो
बिन्तीभाउ गरें, परें चरणमा आएन कालै पनि
यो बिन्ती किन हो सुनेन उसले गर्दा निहोरा पनि ॥४॥

कस्तो निष्ठुर चालढाल उसको आएन आएन ऊ
पश्चात्ताप प्रचण्ड अग्निबिचमा तड्पेर ज्यूँदै छु म
छाती वज्रकठोर यो किन भयो ? प्राणै उडी जान्न यो
मेरो चेतन चूर्ण हुन्न किन यो ? के हेतु कष्टै दियो ? ॥५॥

रोक्दामा पनि पथ्य औषधि दिई हे चाँह शाही गरी
लान्ध्यो टप्प टिपेर प्राण सबको लँदिन मेरो हरी !
आफै पुग्न तिमीकहाँ यस घडी तिम्रो निहोरा गरें
मेरो प्राण रुचेन किन्तु किन हो यो यातनामा परें ॥६॥

केको पाप फलेर पूर्वजूनिको वैरी बने मृत्युको ?
केको पाप फलेर पूर्व दिनको यो खप्न मैले पऱ्यो ?
यो संसार असह्य भार हुन गो लेऊ मुसारी अब
कस्तो दण्ड मलाई पर्छ दिनु त्यो देऊ मलाई सब ॥७॥

मिथ्यो हो जगतै भने म पनि यो मिथ्या नमानूँ किन ?
साथी स्वप्न हुँ जे म पुग्न त्यसमा यस्तो ढिलाई किन ?
कोल्टो पल्टन खोज्छ रात अब यो बेहान देखा पऱ्यो
बासेको कुखुरा उठेर सुनियो धारा व्यथाको खुल्यो ॥८॥

चिन्ताको भरमार भार सहँदै तड्पी रहेको म छु
यस्तो घोर विपत् मलाइ किन भो प्रारब्ध के भोग्दछु ?
भो भो यो अपमानको दह भयो धिक्का यो जीवन
कस्तो निष्ठुर भुक्तमान अहिले भो पाप मेरो कुन ? ॥९॥

सक्छस् जे जति यातना अझ तँ थप् के भो मलाई यहाँ
तेरो बन्धनमा म पर्दिनँ बुझिस् अस्तित्व तेरो कहाँ ?
आनन्दी सुख रूप निर्मल म हूँ आलोकको यो घर
यो नै पारख, ज्ञानको उदयमा जाज्वल्य केको डर ! ॥१०॥

छाती चूर्ण भएर जान्न किन हो ? यो बज्र पर्दा पनि
हत्या यो नरुचाउने किन भयो ? कस्तो ममा दुश्मनी
डस्ने निष्ठुर सम्झना तँ हटिदे बिर्सूँ म सारा कुरा
जम्मै विस्मृत नै न हो पछि हुने आआ चला त्यो छुरा ॥११॥

मेरो देह सुकेर जान्छ मफतमा काढिन्न छाला किन ?
मानौं जीवित नै छ यो अझ भनी जाने नखाईकन
आई गिद्ध मलाइ हेर्दछ फगत् ठुँदैन यो देहमा
यस्तो कारण के पऱ्यो मरणले अस्तित्व यो छोड्नमा ? ॥१२॥

आई स्याल बथान भोजन मिठो पायौं कि भन्ने भई
फर्कन्छन् तर ती अभक्षक बनी आएर नैराश्य ली
कस्ता स्याल र गिद्ध ती कुकुर हुन् ? मेरा भएनन् कुनै
अल्झी सास घिटीघिटी हुन गई यो यातनामा परें ॥१३॥

कस्तो पाप लिएर पूर्व जुनिको मेरो यहाँ जन्म भो ?
यस्तो दारुण यातना पनि सही, के भोग्नु मैले पऱ्यो ?
धिक्‌धिक् भीम तँलाई ! मर्न नसकी बाँची रहेछस् अझ
फेरी श्वास परन्तु मन्द गतिले ती भीम बोल्छन् अझ ! ॥१४॥

ऐले निश्चित पाउँ यो मरणको दरबार पस्ने दिन
मैले पाइनँ किन्तु पस्न जसमा ज्यूँदै छ यो चेतन
जे होला पछि यो सहन्छु सब नै यो चेत छोपूँ भनी
टुक्र्याईकन हाय हाय ! मकनै जल्दो भएँ दन्दनी ॥१५॥

हा हा हा सब हाल बिग्रन गयो मेरो भयो दुर्गति
कोही छैन सहाय आज मकनै यस्तो भयो ज्यादति
आ आ आ अब छोपिदे मरण हे ! यो श्वास झट्टै चुँडाल्
आ आ काल छिटो मलाई करुणा छर्केर चाँडै अँगाल् ॥१६॥

मेरो यो प्रतिश्वासमा युग बनी मेरो भयो हेलना
सान्है भार भयो मलाइ जिउनै पाएर यो ताडना
आ आ मृत्यु छ लाख-लाख बिनती अस्तित्व मेरो सुका
यौटा शुष्क तलाउ झैँ अति रुखो यो जिन्दगानी बना ॥१७॥

हा हा मृत्यु समेत दुश्मन हुने मैले कुरा के गरेँ ?
मैलो त्यो अपराध फाल्न नसकी यस्तो बिपत्मा परेँ
भो भो सक्दिनँ आज खप्न सहजै हे ! मृत्यु लैजा अब
मेरा सञ्चित पुण्य छ केही यदि भए लैजा मलाई अब ॥१८॥

# छ

बिन्ती ! श्वास तुरुन्त नै चुँडिगए हुन्थें म जे जे हुने
पाई दुःख यातना कति यहाँ सङ्कष्टमा झुण्डिने ?
मेरो निम्ति बन्यो हरेक छिन नै हा ! दुःखदायी यहाँ
जानै पर्दछ जान्छु-जान्छु अब लौ नेपाल ! देऊ विदा ॥१॥

चाँडो मर्छु म मर्छु आज यसमै बाटो यही आखिर
गाँठा छन् सबतर्फ जत्ति म गरुँ फुस्कन्न तेतातिर
पोल्टामा लिइ भीम दारुण कथा हे काल ! बित्दै तँ जा
झस्को यो मुटुको भई ढुकढुकी वर्षौं बनी जा तँ जा ॥२॥

नेपाली जनको विकास-पथमा भै सावधानै तँ जा
आफ्नो देश बनाउने दगुरमा ऐंडी भई जा तँ जा
आफ्नो लक्ष्य स्वधाम पुग्न त अझै टाढा पर्‍यो झन्झन
कस्तो आज धरापभित्र म परें थाहै नपाईकन ॥३॥

चल्दो श्वास परन्तु मन्द गतिले त्यान्द्रो बनी निर्बल
झुण्डेको छ परन्तु आज कसरी सुक्खा रुखैको फल ?
त्यो त्यान्द्रो नचुँडी अझै अडिरह्यो धस्ने छुरा सम्झना
पश्चात्ताप र दुःख, कष्टहरूको बोकी गरुङ्गोपना ॥४॥

हे नेपाल ! रहू रही रहू अनन्त युग सम्मै जाँदै छु – जाँदै छु म
जानैपर्छ अवश्य एकदिन ता कोही नगै हुन्छ र ?
तिम्रो मान र शाननिम्ति यसले केही गरेको भए
त्यो नै काममहाँ म जीवित हुने वैकुण्ठवासी हुने ॥५॥

पाना कैयन रक्तरञ्जित गरी यो जिन्दगानी बन्यो
आफैं नै अब रक्तरञ्जित भई ऐले किनारा पुग्यो
रक्तै हो सब खेलबाड दुनिया रक्तैविना छैन क्यै
रक्तैको सब खेलबाड दुनिया सम्पूर्ण भो रक्त नै । ॥६॥

रातो रङ्ग छ रक्तको र भनियो रातो छ राम्रो भनी
रातोको महिमा त वर्णन गरी सिद्धिन्न कैल्यै पनि
रातोको छ अपार उच्च महिमा सारा महाभारत
भीष्म, द्रोण र कर्ण, अर्जुनहरू छन् रक्तले रञ्जित ॥७॥

लागें छोड्न हिमाल, बादल तथा आकाश, धर्ती सब
खोजे तापनि पूर्ण विश्वभरि नै क्वै छैनं मेरो अब
जानैपर्छ समस्त एकदिन ता मै मात्र के बस्छु र ?
धेरै दु:ख र कष्ट भोग गरियो नेपालको खातिर ॥८॥

जानाजान त देशको अहितमा मैले कुनै सोचिनँ
पर्दा देशमहाँ बिपत्ति सहियो मस्ती कुनै भोगिनँ
राजालाइ सधैं लिएर शिरमा काखै प्रजा राख्तथें
के गर्दा छ त देश उन्नत हुने सोची सधैं चल्दथें ॥९॥

हुन् जङ्गी र निजामती दुईवटा पाङ्ग्राहरू राष्ट्रका
यौटा दुर्बल हुन्छ ता मुलुक नै भत्कन्छ, बिग्रन्छ हा !
बन्दोबस्त निजामतीतिर गरी बन्देज नाना गरें
स्रेस्तातर्फ हुने छिटो र छरितो ऐनासरी पार्दिएँ ॥१०॥

त्यो बेला जब शक्ति, तागत सबै मेरै तुनामा थियो
यो नेपाल सबै बनाउनमहाँ काफी इशारा थियो
यो, त्योको वशमा परेर कसरी मध्यस्थ बाटो लिएँ ?
सम्झौता पछि शत्रुलाइ पनि लौ त्यो उठ्न मौका दिएँ ॥११॥

सारा दुश्मन ! उठ्नसम्म नदिई नेपाल निर्माणको
बाटो पक्रनमा म अल्मल हुँदा चाहे बमोजीमको
यो नेपाल सकेन बन्न कहिल्यै यै खोप ली आखिर
ऐले जान परीरहेछ यसरी अज्ञात ठाउँतिर ॥१२॥

केही गर्न अशक्त भै मरणको ठाडो मुख्यान्जी छु म
पर्दा जीवनको गिरेर अहिले जाँदै छु – जाँदै छु म
आएथें म हुरीसमान जगमा जाँदै छु फुस्सा बनी
मानें यो जुन आज जत्ति गरियो यस्तै छ यो जीवनी ॥१३॥

पाएको अधिकारलाइ कसरी मैले गरें पालना
यस्तो निर्ममता समुद्रतहमा बग्दै छु निर्घातमा
यो नेपालमहाँ समस्त मुटुमा मै नै थिएँ व्यापक
ऐले जानुपर्‍यो हरे ! म कसरी दोषी बनी पातक ॥१४॥

यस्तै हुन्छ यहाँ सबै जनदशा अन्याय के न्याय के
आई किन्तु भविष्यले सब कुरा खुट्याउला सत्य के
यै विश्वास लिई परन्तु अहिले जाँदै छु अज्ञातमा
मेरो छैन कसूर यो मुलुकको कल्याणमा व्यस्त म ॥१५॥

यो नेपाल डुबे समस्त जनको बेइज्जती हुन्न र ?
यो नेपाल उठे समस्त जनको सम्मान के हुन्न र ?
सोची नित्य यही कुरा मनमहाँ मेरो बित्यो जीवन
कैल्यै बाँचिनँ सत्य ! एक पल नै नेपाल बाहेक म । ॥१६॥

मेरो दुर्गति आज जे-जति भयो आतिथ्य नै मान्दछु
मेरो पीर, व्यथा र कष्टहरूमा नेपालमै हेर्दछु
चल्थ्यो एकबखत् समस्त मुलुकै मेरो इशारामहाँ
ऐले किन्तु म फ्याकिएँ बगरमा आएन कोही यहाँ ॥१७॥

डाँडा, फाँट समस्त देशभरमा आवाज उच्चा थियो
सिङ्गै देश यता-उता गरिदिने काफी इशारा थियो
को बोल्ने यसको अगाडि मुलुकै हाँकेर यो हिँड्दथ्यो
बन्दी आज छ भीमसेन यसरी क्यै गर्न सक्तैन यो ॥१८॥

कस्तो भाग्य-विडम्बना छ विधिको कोसी सुकी बूँद भो
मात्रै नाम छ भीमसेन यसको सामर्थ्य सारा सुक्यो
भित्ता छन् सब चूप औ दलिन् छन् तेर्सीरहेका घना
ढोका बन्द, कडा खडा छ पहरा आएछ यो लाञ्छना ॥१९॥

पर्दा देश, नरेशलाइ कहिल्यै सुस्ताउनै जानिनँ
छाडी देश, नरेश क्यै जगतमा आफ्नो भनी मानिनँ
ऐले देश, नरेश ती पनि सबै थुक्छन् मलाई किन ?
पर्दा आज मलाई, मौन सब छन् बोल्दैन कोही किन ? ॥२०॥

केही छैन म मारिऊँ बरु छिटै ज्यूज्यान सरकारकै
यस्तो यो अपमान किन्तु नसहूँ धिक्कारधिक्कार भै
मेरो ज्यान त नित्य अर्पण छ यो को मात्रै मर्दैन र ?
मेरो देशमहाँ अनन्त यसले लाग्नेछ धब्बा तर ॥२१॥

# सात

केही छैन म जान्छु, बित्छु खुशीले रोजें जहाँ जानमा
यो शारीरिक कष्टको पर पुगी पस्नेछु विश्रान्तिमा
त्यो विश्रान्ति जहाँ कुनै किसिमको सन्ताप दन्कन्न रे !
सारा कर्म, कुकर्म राशहरूको फस्र्योट त्यो ठाउँ रे ! ॥१॥

सुस्केरा अनि आँसुले रतिभरै त्यो ठाउँ छोइन्न रे !
लागेको सुख-शान्ति छाप गहिरो त्यो ठाउँ धोइन्न रे !
पश्चात्ताप बढेर तप्प दिलमा त्यो ठाउँ उठ्दैन रे !
चुक्ली, चापलुसीहरू जति गरुन् त्यो ठाउँ डग्दैन रे ! ॥२॥

जे भो भो अब फेरि सक्दिनँ यहाँ केही म सच्याउन
यस्तोमा सब लोकले गरिदिउन् पुर्पक्ष यो जीवन
तीखा कण्टकधारको बिच बसी मैले गरें जे जति
हो सन्तुष्ट म छैनँ किन्तु कसरी मानूँ सबै दुष्कृति ? ॥३॥

पारावार अपार त्यो समयमा थोपासरी जिन्दगी
यस्तोमा पनि शोक-दुःखहरूको हर्दम् हुने जग्जगी
चोला मानिसको छ दुर्लभ अहो ! साक्षात् हुने ईश्वर
साक्षात् ईश्वर भन्नु खास जनता यै हो कुरा आखिर ॥४॥

यस्सै जीवन फुङ्ग मात्र नउडी क्यै रङ्ग गाडा भरोस्
आएका पछिका समेत जसमा उक्लेर केही गुनोस्
भन्ने आशयले बडो जतनले सोच्दै थिएँ ज्यून म
के भो किन्तु समाजमा नचिनिँदै यो जिन्दगी नै गुम्यो ॥५॥

हो, ऐले म छु मेटिँदै, तर छ जो विश्वास यो आँतमा
खोस्ने तागत छैन शत्रुहरूको यो क्रूर संसारमा
जो मान्छे जनकार्यमा रत भई सत्कर्ममा व्यस्त छ
त्यो मान्छे जनतामहाँ अमरता ओढी सधैँ बाँच्दछ ॥६॥

हावा, घाम सहेर फूल जसरी निस्कन्छ काँडाबिच
बारीको जसले थपेर गरिमा बास्ना समेत् छर्दछ
मान्छेले पनि कष्ट-विघ्नहरूमा सत्कर्म जन्माउँछ
देशै धन्य गरी भविष्यतकमा कल्याण बर्साउँछ ॥७॥

मेरो जीवन अन्त हुन्छ यसरी केही म त्यो मान्दिनँ
जानाजान परन्तु कत्ति कुभलो नेपालको सोचिनँ
गर्ने काम अनेक गर्न नसकी रोई रहेको छु म
हर्दम देश, नरेशको हितमहाँ लागी रहेको छु म ॥८॥

मेरो दारुण दुर्दशाबिच खुशी मानेर हाँस्नेहरू
च्यापी हालत यो मलाइ अब ता पाइस् तँ भन्नेहरू
मेरो जीवित औ सबै मृतक ती सारा पियाराहरू
मेरो देशनिमित्त नै सब गऱ्यो यो भीमले जे गऱ्यो ॥९॥

मेरो दारुण अन्तको, बिरहको पीडा मलाई रति
केही छैन तुष्ट नै छु यसमा संसारकै यै गति
यो छाला अनि हाडपिञ्जरमहाँ आबद्ध जैलेतक
मेरो देह रहन्छ दुःख-सुखमा को खोस्छ बाँच्ने हक ? ॥१०॥

यो काया जब काँचुलीसरि गरी फेर्नेछु मैले यहाँ
हो अज्ञात सबै भए पनि म ता ज्यूनेछु साँच्ची यहाँ
हाम्रो काम सबै हुनेछ जहिले त्यै कालमा केवल
मैले जति यहाँ गरे पनि अझै झिक्नै छ क्यै अक्कल ॥११॥

मैले देशनिमित्त नै सब गरें मारें मराएँ पनि
पर्थ्यो गर्नु गरें मलाइ यसमा के दोष व्यर्थै दिने
साँच्चै देशनिमित्त मर्न सकिए त्यो मर्नु राम्रो भयो
जम्मै लक्ष्य सदैव पावन भए सम्पूर्ण हाम्रो भयो ॥१२॥

मेरो देश बने म बन्छु सहजै बिग्रे म बिग्रिन्छु नै
मेरो साथ भविष्य-सन्तति सबै छन् झुण्डिएका सधैं
मेरो मूल भविष्यको पथमहाँ रोडा भई राख्दछ
औ सत्कर्म भविष्यको पथमहाँ पाइग्रा भई गुड्दछ ॥१३॥

राजा, देश शरीरको मुटु बने मानेर सर्वोपरि
राजाकै बल, शक्ति बढ्न दिनमा झिक्थें सबै चातुरी
गर्थे काम कुरा म शुद्ध मनले सम्पूर्ण सामर्थ्यले
केही आँच त्यहाँ नआउन दिई आलस्य मात्सर्यले ॥१४॥

यौटा होइन लाख-लाख दसि छन् विश्वास मेरा प्रति
राजाको गरिमा उचाल्न सकिने मै काम गर्थें कति
यस्तो काम हुँदाहुँदै किन यहाँ यस्तो अविश्वासको
हत्यारा शिशुको भनी ठहरिएँ के हेतु यस्तो पऱ्यो ? ॥१५॥

हुर्काएँ जसलाई काँध-शिरमा राखी- चढाईकन
हुर्काएँ जसमाथि भक्ति, ममता सारा खन्याईकन
सेवामा जसको समर्पित गरें सम्पूर्ण यो जीवन
राजा आज मदेखि छन् विमुख रे ! यस्तो भएको किन ? ॥१६॥

हत्या राजकुमारको किन गरुँ के स्वार्थ यस्तो गरी
यस्तो नीच कुकर्म गर्छ यसले भन्ने कुरामा परी
राजा ! आज मलाइ सेरिनु समेत् पर्ने अवस्था दियौ
मेरो जीवनका तमाम रचना च्यातेर फाली दियौ ॥१७॥

राजा कत्ति नसोचने र अरूकै हाहा-करैमा परी
यस्तो निष्ठुर लाञ्छना पनि ममा थोपार्दियौ बेसरी
राजा भैकन यत्ति दुर्बल भई के काम चल्ला हरे !
यो नेपाल बनाउने क्रम यहाँ जारी कसोरी हुने ? ॥१८॥

राजा ईश्वर हो भनेर कसरी श्रद्धा प्रजाले गरुन् !
राजामाथि अनन्त भक्ति कसरी मान्छेहरूले गरुन् !
सानो बालकबाट सम्म नहुने यो भूल कस्तो गर्‍यौ ?
चुक्ली, जाल, फरेबको बस परी गर्ने-नगर्ने गर्‍यौ ॥१९॥

यौटा ज्यान लिएर यो बखतमा नेपाल सप्रन्छ त ?
राजा नै यतिसम्म दुर्बल भए यो देश बिग्रन्न र ?
हे मेरा प्रिय भारदारहरू ! हो छोपेर साँचो कुरा
राजाको कति गर्दछौ अहित यो ! जालो बुनी माकुरा ॥२०॥

जे होस् सत्य अगाडि राख्नु नृपमा कैल्यै नमानी डर
हो है निश्चय भारदारहरूको कर्तव्य यो सुन्दर
सोची बाहिर-भित्र बोलिदिनु नै सल्लाह-सल्लाह हो,
आफ्नो स्वार्थ निमित्त बोल्नु त फगत् औधान अन्याय हो ॥२१॥

राजामाथि अपार भक्ति हुनु नै यो दोष मेरो भयो
हो ज्यादा हुनु हुन्न क्यै पनि यहाँ भन्ने कुरा सत्य भो
राजामा पनि दोष औ गुणहरू हुन्छन् अवश्यै पनि
दोषै-दोष तथा गुणै-गुणहरू हुन्नन् कसैमा पनि ॥२२॥

राजा बन्नु कठीन कर्म छ सधैं यो कण्टकाकीर्ण छ
आफ्नो भूलमहाँ समस्त जनको सौभाग्य नै निभ्दछ
बोले बोल्दछ औ समस्त जनता, रोए सबै देश नै
राजाले यदि भूल गर्दछ भने त्यो भूल हो देशकै ॥२३॥

राजा नै कमजोर मूर्ख छ भने के हुन्छ लौ देशको
राजा नै उसले नबन्नु बढिया कच्चा भए बुद्धिको
राजा छन् त विवेकशून्य मतिका यो देश नै बिग्रियो
राजा छन् यदि बुद्ध, शिक्षित भने, यो देश नै सप्रिगो ॥२४॥

बिग्रन्छन् तर बुद्धिवन्त पनि ती पापी हुँदा सङ्गत
नेपाली प्रिय भारदारहरूको कस्तो लियौ हुर्मत ?
मेरो ज्यान लियौ म भन्दिनँ यहाँ खै देशको इज्जत ?
यस्तो चाल चले रहन्छ कसरी नेपालको हुर्मत ? ॥२५॥

यो शारीरिक कष्टबाट म मरुँ क्यै लिन्न फिक्री म त
यो नेपाल परन्तु बढ्छ कसरी फिक्री यही लिन्छु म त
मेरो तागत छैन क्यै अब यहाँ जाँदै छु अज्ञातमा
जिम्मा देश बचाउने सब तिमी, तिम्रै छ यी हातमा ॥२६॥

नासो हो बुझ राज्य भन्नु जनको माग्छन् त फर्ता पनि
राजाले दिनुपर्छ हर्ष मनले कर्तव्य आफ्नो भनी
नासोलाइ समाल्न सक्षम भई बन्नू प्रजावत्सल
जस्तै पार्दछ मेघले हरघडी, बाली सपार्ने जल ॥२७॥

# आठ

बिग्रे देश सबै जनाहरू तिमी बन्छौ यहाँ दानव
सप्रे देश सबै जनाहरू तिमी बन्छौ यहाँ मानव
बन्ने मानिस, या त दानव हुने, तिम्रो छ के सम्मत ?
यो नेपाल नबिग्रियोस् तर कहीं यै माग्छु भिक्षा म त ॥१॥

आफ्नो देश-प्रजा भनेपछि सबै हुन्छन् हुरुक्कै जन
आफ्नो देश बनाउने ब्रतमहाँ होम्ने सधैं जीवन
साराको सुख-शान्तिको पट खुलोस् नेपालमा अन्ततः
साराको अधिकार प्राप्त हुन गै सारा बनुन् उन्नत ॥२॥

आओस् यो दिन झट्ट देशहितमा लाग्नेहरूको जय
आफ्नो सेवक हो भनेर जनले बुझ्ने र जान्ने भए
त्यस्तो मानिसलाइ इज्जत तथा सम्मान बर्साउँदै
देऊ ! आज बिदाइमा अलिकता क्यै आँसु बर्साउँदै ॥३॥

साँच्चै मानिस बन्नु दोष, गुणको दोभानमा बस्नु हो
दोषै-दोष तथा गुणै-गुण भए मान्छे कुनै हुन्न त्यो
त्यस्तै मानिस भीमसेन पनि हुन् निर्दोष हुन्थे किन ?
साँच्चै घाम र अन्धकार नमिले के बन्छ यौटा दिन ? ॥४॥

पुर्खाको जुन शान-मान अधिको शस्त्रास्त्र नाना सिकी
दुश्मलाइ बचाउने समयमा ज्यादै चनाखो बनी
बाढी भै अति बेगले रिपुहरू उर्ली रहेका यहाँ
यो बेला किन चूपचाप नगरूँ सेना तयारी यहाँ ? ॥५॥

घुम्छन् बाजसमान माथि नभमा साम्राज्यवादीहरू
निर्धो भारतमाथि झम्टन पुगी के के गरेनन् अरू ?
हाम्रो देशमहाँ सरापसरिका ब्याधाहरू यी सब
खोज्छन् पस्न, त नौजवानहरूको आधार चाहिन्न र ? ॥६॥

सेना नै नभए कहाँ मुलुकको स्वाधीनता ज्यूँदछ ?
आली छैन त खेतको बिचमहाँ पानी कहाँ अड्दछ ?
सेना लायक छैन ता मुलकमा स्वातन्त्र्य जोगिन्छ त ?
योद्धा वीर जवान नै मुलुकमा ऐले छ आवश्यक ॥७॥

सेना हो परखाल तुल्य, सहने आपत्ति नाना थरी
रोक्ने शत्रु सबै स्वयं सजग भै सारा सुरक्षा गरी
सेनालाइ बलिष्ठ पार्नु युगको आह्वान हो आजको
सेना बन्छ जवान वीरहरूको कर्तव्यमा व्यस्त जो ॥८॥

त्यस्ता सैनिकलाई इज्जत दिँदै सेवामहाँ तत्पर
राखें सैनिक, भारदार बढिया राम्रो गरें सकभर
नाम्लो डाम लगाइ हिँड्न नपरोस् यो देशका कम्पुले
पाउन् जीवन यो बिताउन यहाँ केही खुशी चैनले ॥९॥

भन्दै कम्पुहरूनिमित्त जहिले बन्देज नाना गरें
पारें सज्जित कम्पुवर्गहरू ती ब्यारेक पोशाकले
नाना सैनिक वाद्य-वादकहरू नेपालमा देखिए
पाई बेश अनेक तालिम नयाँ जङ्गी उज्याला भए ॥१०॥

नाना बन्दुक, तोपले रिपुहरू थर्काउने सैनिक
नेपालीपनभित्र फेरि भरिए थाम्ने महागौरव
राखी काख प्रजा, शिरै उपरमा राजा लिई हिँड्दथें
जस्तै सन्मुख कष्ट होस् निमकको सोझो गरी बढ्दथें ॥११॥

राजा ईश्वरतुल्य मान्य सबको संस्कार बन्दै गयो
राजाबाट हुँदैन दोष कहिल्यै, विश्वास जम्दै गयो
मान्छेको दिन जान्छ आज र भरे, भोली र पर्सी गरी
लाएको गुन ता रहन्छ तर त्यो कैल्यै नमेट्ने गरी ॥१२॥

यो नेपालमहाँ डुलेर म बढें पाएर यो जीवन
मेरा ती सुख-दुःख अङ्कित हुने छायाहरू छन् जुन
यस्तो देश मलाइ छाड्न अहिले गाह्रो त पर्ने भयो
क्यारूँ किन्तु सबै नछाडि नहुने हो रीत संसारको ॥१३॥

ती अग्ला हिउँ टाकुरा, हिमनदी, पाखा घना जङ्गल
सोझा वीर परिश्रमी जनहरू गर्ने सधैं मङ्गल
मेरो अन्तिम यो घडी छ सबले माफी मलाई दिनू
सक्थें जे जति गर्न, गर्न नसकी यो बाध्यतामा परें ॥१४॥

हे ! मेरा शिव, सत्य, सुन्दरहरू ! मेरो सजाऊ पथ
मेरा ज्ञान, विवेक प्राप्तिहरूहो ! ल्याओ मलाई रथ
हे मेरा तप, योग, ज्ञानहरूहो आलोक मेरो बन
यो यात्रा सुख, शान्तिदायक बनोस् पक्री नयाँ जीवन ॥१५॥

# नौ

के के हुन्छ मनुष्यलाइ कहिले को भन्न सक्ने यहाँ
मान्छेको मन हो घुमाउँछ उही आकाश, पातालमा
फाली पाउँ निमेषमा प्रलय झैँ भारी छ यो बोझिलो
आँखाभित्र पटक्क निद नपसी छर्लङ्ग रातै बित्यो ॥१॥

चोटैचोट परेर मानिस जसै लाखौं छिया बन्दछ
चोटैलाइ गरेर प्यार उसले पीडामहाँ रम्दछ
यस्तै आज छ भीमसेन अहिले पीडा, व्यथाको पर
कोहीमाथि अलग्गको फल सरी आफैमहाँ निर्भर ॥२॥

माने दुःख दुखी रहन्छ जगतमा यो मान्नु नै हो सब
झुट्टा, तुच्छ फरेबलाई कहिल्यै साँचो नमानौं अब
केको दुःख र कष्ट हुन्छ जगमा मैले नमाने भने
मैले मान्नु-नमान्नुमा सब यहाँ हैनन् कुनै वास्तव ॥३॥

माछो तप्त कराइको जब गई आगोमहाँ पर्दछ
संसारै अति कष्टको बिच परी सन्तापमा मर्दछ
छोड्छौ सोच्न जसै यहाँ दुःख कुनै आउन्न हाम्रो भनी
डेरा हो सब दुःख कष्ट पनि यो रहन्न स्थायी बनी ॥४॥

यस्तो अन्तर यो सब जान्न मात्र सकिए पीडा व्यथा के छ र ?
सारा शान्तिमयी विशाल भवमा सर्वत्र आनन्द छ
माछो तप्त कराइको जब कठै ! आगोमहाँ गै पर्‍यो
हा, हा ! प्राण छुटेन किन्तु उसको बेचैनमा ऊ पर्‍यो ॥५॥

चिन्ता खान्छ सजीवलाई जसरी आगो बली दाउरा
पाए मात्र चिता त खान्छ हसुरी निर्जीव खोजी बरा
चिन्तालाई तसर्थ भन्दछ चिता, पीडा बडो तत्सम
चिन्ताबाट निकै मनुष्य जिउँदै हुन्छन् मरेकै सम ॥६॥

चिन्ताको भरमार भार सहँदै, भोग्दै छ जो दुर्दशा
साँच्चै गर्न सकिन्न वर्णन कसै त्यो दुःखदायी निशा
आई भेल कठोर पूर्व दिनको हा ! भीम बग्दै गयो
पाई ठक्कर लाख लाख टुकुरा आक्रान्त छाती भयो ॥७॥

कस्तो भीषण पाप पूर्वजुनिको आईरहेको यहाँ
कस्तो दारुण यत्नको फल फली तड्पीरहेको यहाँ
कस्तो हालत हीन दिन उसको हा ! सम्भनाको फणा
जस्तो गोमन सर्प डस्छ अहिले कस्तो अहो ! यातना ॥८॥

जाजाजा इतिहास बन्द भइदे यस्तो नउक्सा कुरा
ठूलो मानिस भीमसेन कहिल्यै जन्मेन भन्ने गरा
यस्तो मानवता-कलङ्कित कथा भोभो म यो लेख्तिनँ
सुस्केरा अनि आँसुको दहमहाँ चुर्लम्म भै डुब्दिनँ ॥९॥

आधा रात छ सुनसान अहिले ताराहरू मन्द छन्
बारम्बार कराउने कुकुरले निस्तब्धता चिर्दछन्
केही श्वास प्रश्वास चल्दछ अझै बेहोशमा भीम छन्
छाया एक कुनै पसेछ नजिकै, त्यो सामुमा देख्तछन् ॥१०॥

आएको किन ? को तिमी ? नजिकमा मान्छेसरी लाग्दछ
छायारूप मनुष्यको जब भयो यस्तो कुरा बोल्दछ–
छाप्रो त्यैं नजिकै छ सुत्छु त्यसमै बारी मकैको कुरी
आएको छु तपाईंको मुखमहाँ पानी बनी लाँकुरी ॥११॥

मेरो निम्ति यहाँ निषेध ममता, यस्तो कहर् कालमा
आएका हरिलाई स्वागत छ हे ! के भन्नु बेहालमा
मेरो निम्ति निषेध आज ममता आयो, उदायो कता ?
छायो यो ममता समस्त करुणा फारेर निस्तब्धता ॥१२॥

देखेमा अरूले म दण्डित हुने जाओस् छिटो संशय
आओस् सृजन औ दया र करुणा आलोक ज्योतिर्मय !
मेरो अन्तिम कालको बल बनी लड्ने भिकोस् अक्कल
मेटी प्यास मलाई पार्छ यसले आनन्द औ शीतल ॥१३॥

चिन्ता लाखनले डसेर तनमा अड्नै नसक्दा कहीं
फाल्हालें अति अन्ध कुञ्जबिचमा नै जे हुन्छ होओस् भनी
अड्की किन्तु त्रिशङ्कु भैँ हुन गएँ यस्तो अहो ! दुर्दशा
मेरो निम्ति नआउने किन हरे ! निष्पट्ट कालो निशा ॥१४॥

ईर्ष्या, द्वेषहरू अनेक खनिंदा पारेँ हिया यो छिया
खोजेँ मृत्यु अगाल्नलाई बलले सेरेर आफ्नै गला
चाहेनन् तर मृत्युले पनि हरे ! मेरो अँगालो लिन
मेरो निम्ति परन्तु आज हुन गो कालै समेत् दुश्मन ॥१५॥

छोपेको छ समस्त विश्व तमले छोपिन्न चिन्ता तर
बिच्छी भैकन डस्दछन् छिनछिनै पीडा दिई लस्कर
थोत्रो पिन्जरभित्र-भित्र यसरी दुःखान्त बोकी कथा
मेरो त्यो कुन पापले अझ यहाँ भोग्दै छु यस्तो व्यथा ? ॥१६॥

# दश

पापी होश खुल्यो, खुले हृदयमा अस्तित्त्व भट्टाभट
हाहाकार छ घोर क्रन्दन तथा चीत्कार चिच्याहट
माछो तप्त कराइको सरि भई लागें यहाँ तड्पिन
चिन्ता, पीर अनेक लस्कर लिई लागे अहो ! वैरिन ॥१॥

बाक्लो भीषण अन्धकार बिचमा ! गोता म खाँदो भएं
झिल्का छैन प्रकाशको रति यहाँ अत्तो न पत्तो भएं
घुस्सा लात सहें अनेक थरिका सान्है बिचल्ली भयो
हा ! गैन्हो दहमाथि प्राण चिडिया चुर्लुम्म डुब्दै गयो ॥२॥

बेला यो छ महत्त्वपूर्ण अधिको आफ्नो थलो पुग्दछु
हात्ती भार लिई सियो मसिनमा आँखा पसूँ भन्दछु
तृष्णा, राग र द्वेष ली मनभरी यो जिन्दगानी गयो
चौरासी घनघोर चक्रबिचमा ! फाल्ने मलाई भयो ॥३॥

यो जो अस्थिरता छ भित्र मनको लागेर थान्को बस
यस्ता कष्ट, विपत् हजारन परुन् भोग्नेछु मै कर्कश
जानें अस्थिरता रहेछ अखडा सङ्कष्ट सन्तापको
आफैंमा स्थिर हुन्छ ता सकल हो शृङ्गार आरामको ॥४॥

पालो भर्खर भीमको महलको बद्लेर साथीसित
फर्केको घरमा विदीर्ण दिलको दुःखी कुनै सैनिक
खोल्छन् लीकन रुद्रकण्ठ बिचमा आफन्त साथीकन
यद्वा पट्ट फुटेर तप्त दिल त्यो लाग्यो उसै निस्कन ॥५॥

पारी वास्तव आज गुप्चुप भई आएछ शंका बढी
बिस्तारै जब फैलियो खबर यो कानेखुसीमा चढी
राँगो झैं बलिवेदिमा रगतको धारा छुटेको थियो
भैंमा वज्र परेर ढल्छ जसरी उभ्भीरहेको थियो ॥६॥

धारा रक्त छुटेर उफ् ! दलिन नै रातो थियो सारमा
हेर्थे पस्न हुँदैनथ्यो तर अहो ! ताला थियो द्वारमा
ताल्चा खोल्न परन्तु क्वै जनहरू आउन्नथे त्यो घडी
ताल्चा थ्यो मुखमा निकाल्न नहुने उच्छ्वास कस्तो हरि ! ॥७॥

ढोका बाहिर रक्तधार बहँदै आईरहेको थियो
जे होस् किन्तु चुइँक्कसम्म नगरी हेर्नैपरेको थियो
मान्छेको यतिसम्म दुर्गति हुने बिश्वास नै हुन्न है
त्यो प्रत्यक्ष भयो भनेर कसरी ब्यक्त्याउने हो कठै ! ॥८॥

मुढो भैकन हेर्छु त्यो टुलुटुलू हा के भयो लौ न नि !
वैरीले पनि देख्न, सुन्न नपरोस् यस्तो त काहीँ पनि
आफैमाथि प्रहार गर्न कसरी हा भीमले त्यो सक्यो !
कस्तो त्यो कुन पीर हाय ! उसको घाँटी छिया देखियो ॥९॥

'यस्तो दुःख खपीरहेछु अहिले हाँ भीम'ले भन्दछ
'मैले हेर्नुपर्‍यो हरे ! जुन कुरा को हेर्न त्यो सक्दछ ?
कस्तै पत्थर नै भए पनि त्यसै पानी भई गल्दछ
मान्छे भैकन किन्तु हाय कसरी त्यो हेर्न मैले सकें' ॥१०॥

यस्तो घोर कृतघ्नता किन लियौ, के यो मनुष्योचित ?
राख्दैनौ भनि खोज्दछौ कि उसको काहीँ निशानैतक
होला यो कसरी ? असम्भव छ यो नेपाल छनौञ्जेल ता
झुटो हो इतिहास नै, अमर भै यो भीम टाँगिन्न ता ॥११॥

अप्ठयारो युगमा अनेक थरीका बाधाहरूमा पनि
आफ्नो साहस, युक्ति, बुद्धिबलले सम्पूर्ण राजा भनी
हा ज्यूज्यान दिई सधैं मुलुकको सेवा र रक्षा गऱ्यो
ऐले भैकन देश घातक उही सङ्कष्टमा उ पऱ्यो ॥१२॥

# एघार

गाऱ्हो पर्नु अवश्य जीवन महाँ स्वाभाविकै हो कुरा
गाऱ्होबाट उठेर नै सफलता सारा हुने हुन् पुरा
गाऱ्होलाई अँगाल्न, छाम्न नसकी हच्कन्छ जो मानिस
त्यो पुग्दैन कदापि उच्च तहमा जाकिन्छ हर्दम् तल ॥१॥

तिम्रो याद मलाई कोर्छ अति नै भक्त ! हे सुन्दरी !
आफ्नो दुर्बल हातले कुसुम त्यो तोडेर फ्याँकेसरि
उक्लन्थ्यौ कति शैलमा सरसरी झर्थे ओरालो म त
लोभी हात बढाइ किन्तु उभिएँ छेकेर तिम्रो पथ ॥२॥

सम्झी दौलत मात्र नै सब कुरा थुप्र्याउँदै दौलत
खोज्थैं दुर्बलता म छोप्न त्यसले स्वार्थान्धता दूषित
केको मेल रहन्छ किन्तु जगमा बल्ने र निभ्ने बिच
आफ्नो भन्नु नराख्न क्यै पनि कुरा लाग्यौ तिमी मैसित ॥३॥

मानी धर्म र कर्म उच्च महिमा होमीदियौ जीवन
आफ्नो प्राण, शरीर मैसित अहो ! हो धन्य तिम्रो मन !
तिम्रो लायक हैन नित्य म त यो के लोभ तृष्णा थियो ?
आई किन्तु ममा समर्पित गर्‍यौ जे जत्ति तिम्रो थियो ॥४॥

बाँकी जीवनको लिएर कसरी लम्कीरहेकी थियौ ?
छर्दै मोहकता सबैतिर तिमी सौन्दर्य भर्दै थियौ
थोत्रो पात्र थियो परन्तु म गई थापें म पाऊँ भनी
आफ्ना लाख मुराद ती सब थुनी मेरै बन्यौ भक्तिनी ॥५॥

ऐले हर्दम कष्टभित्र पिरिँदै तिम्रो ढल्यो जीवन
कस्तो थ्यो तर के भयो शिव हरे ! सोच्नै म ता सक्दिनँ
यौटी तुच्छ भिखारिनीसरि भई डाँडा र काँडा डुली
तीता ती अपमान लाख सहँदै बित्ने छ त्यो जीवनी । ॥६॥

पश्चात्ताप मलाई हुन्छ अहिले कस्तो नगर्ने गरेँ
मेरो जो हक नै थिएन जसमा ढिप्पी गरी लोभिएँ
गाह्रो छाड्न जगत् मलाई जति भो त्यै पापको हो फल
त्यो नै पाप बनेर डस्छ कसरी निर्घात मेरो दिल ! ॥७॥

लामो मार्ग कडा मरुस्थल भई ज्यादै गलेको थिएँ
यौटा सुन्दर बाग किन्तु पथमा देखी म त्यहीं पुगें
पारी ध्वस्त उजाड त्यो बन सबै जाँदै छु दागी बनी
मात्रै बास बसी घुमेर त्यसमा थाकेछ यो जीवनी ॥८॥

कस्तो त्यो अपराधवले ग्रसित भै जे जो छ मेरो यहाँ
बाँधी चौखुर हाँ ! तँ जा अब भनी तारे सरी सिन्धुमा
मेरो साथ तिमी यहाँ पनि डुब्यौ बेस्वादको कालमा
यो नै पीर अपारको भइदियो संसार छाड्दा ममा ॥९॥

मेरा छन् यतिका क्रिया-प्रतिक्रिया छोडेर पूँजी सब
मेरो यो प्रिय देशबाट छुटिई जाँदै छु टाढा अब
हे नेपाल ! म मिल्छु आज खुशले तिम्रै हवा-पानीमा
तिम्रै हूँ म त फेरि मिल्नु छ यहीं अस्तित्व मेरो जहाँ ॥१०॥

हे अग्ला चुचुरा हिमालयहरू ! देओ मलाई बिदा
हे मेरा प्रिय देशका मुकुटहो ! देओ मलाई बिदा
हे भित्ता बहुमूल्य रत्न मणिका ! देऊ मलाई बिदा
मेरा स्रोत विशाल गौरव महान् ! देऊ मलाई बिदा ॥११॥

डाँडा, पर्वत शैल फोर्न चतुरा कल्लोल ! देऊ बिदा
पार्ने फाँट हराभरा नदनदी ! देऊ मलाई बिदा
मुट्ठा हार समान उच्च छहरा ! देऊ मलाई बिदा
हे मेरा प्रिय देशका हिमनदी ! देऊ मलाई बिदा ॥१२॥

सुन्धारा, धररा ! दुवै मिलिजुली देऊ मलाई बिदा
ओढ्ने पत्थर दान कालिगढहो ! देऊ मलाई बिदा
चोखो देश अनेक लोकहरूको ! देऊ मलाई बिदा
मेरो स्वप्न पवित्र दान जसको ! देऊ मलाई बिदा ॥१३॥

ठाडो नाक समस्त कान्तिपुरको हे उच्चता कृतिम !
ज्यामी लाख थियौ पवित्र पसिना हे मेघको आश्रम !
सेतो स्तम्भ सुकीर्तिको धरहरा ! देऊ मलाई बिदा !
हे अग्लो प्रहरी सरी नगरको ! देऊ मलाई बिदा ॥१४॥

मेरो शान्त मयूर माथि सुरिलो गाना उज्यालो जडी
भोरैमा कति उच्च - उच्चतममा डाक्ने जुरेली चरी
पस्दा काल अनन्त गुञ्जन सुने जो गीत आनन्दले
मेरो अन्तिम कालको बल बन्यो त्यैं जान्छु आनन्दले ॥१५॥

उफ् ऐया ! कति कष्टदायक अहो ! यो घाउ मेरो यहाँ
साह्रै हुन्छ शरीरमा असजिलो यो प्राण उड्दैन हा !
बढ्दै श्वास-प्रश्वास मात्र अडियो पीडा भयो झन्झन
रोक्दैनौ मुटुको व्यथा किन अझै लम्ब्याउँदै लौ भन ॥१६॥

के मैले अझ छैन उड्न यसरी साँच्चै पुगेको यहाँ
लैजा है यस भीमको स्मृति सबै हे घाउ ! हे पाहुना !
निम्त्याएँ यस घाउलाई तर यै मेरो बनी बस्दछ
मेरो प्राण निभाउने बखतमा पानी थपी ज्यूँदछ ॥१७॥

मेरो जीवन यो कथा अब टुट्यो जाँदैछ यो चेतना
भावी सन्ततिको कतै हृदयमा बन्दै कुनै सम्झना
ढिक्का आँसु खसाल्नु के सँगसँगै विश्वासको झल्झल
आफ्नो देश निमित्त मर्नु जनको क्यै हुन्न है निष्फल ॥१८॥

मेरो यो दृढ धारण छ जनले बिर्सेर बिर्सिन्न त्यो
आफ्नो देश, नरेश खातिरमहाँ हाँस्दै मरेको छ जो
मर्ने कालमहाँ जसै मनुजको विश्वास मुस्काउँछ
यो नेपाल अवश्य बन्छ जसको विश्वासको आँट छ ॥१९॥

लामो जीवनका सुखान्त घटना बत्तीसरी रातका
उत्रन्छन् अहिले समस्त स्मृतिमा बन्दै कुरा सारका
हुन्छन् निश्चय लाल लाख घटना यो जिन्दगीको बिच
हुन्छन् सार्थक त्यो रहन्छ जसमा सम्वन्ध रागात्मक ॥२०॥

धोका, ढाँट र जालझेल र ठगी षड्यन्त्र ईर्ष्या दगा
डर्लाग्दा प्रतिरूप धारण गरी ऐले यहाँ छन् खडा
निस्की मात्र शरीरबाट अब लौ तेरो हुने के गति
भन्छन् कर्कश क्रूरको वचनले निम्तिन्छ रे दुर्मति ॥२१॥

कस्ता दुर्मुख हेर्न नै नसकिने क्रोधान्धता छन् यहाँ
दाह्रा कर्र किटीकिटी कति बसे पापी कुकर्मी यहाँ
हा ! पक्राउ परेर तुच्छ कसरी जाँदैं छु यिन्का सँगै
कस्तो दुर्गतिको शिकार हुन गै जाँदैं छु हा पिल्सँदै ॥२२॥

घाटी सुक्न गएर माग्दछ जसै आई कुनै निष्ठुर
तातो झोल, फलामले डसिदिने यो ठाउँको दस्तुर
लाग्यो भोक भनेर माग्दछ जसै तातो खरानी दिने
लौ त्यस्तो पनि खान खोज्दछ भने आई हुरी पोख्दिने ॥२३॥

हा कामार्त भएर खोज्दछ भने सम्भोगमा आतुर
लोहा स्तम्भ अँगाल्न लाउँछ हरे ! कस्तो यहाँ दस्तुर
लैजान्छन् कति कष्टपूर्ण पथमा घोक्र्याइ पाता कसी
आँधी चल्दछ हल्लिँदै रुखहरू पात्रादि झार्छन् असी ॥२४॥

विष्टा, राल, सिँगान, पीपहरूका खोला बडो भीषण
झमटा मस्तिर बाज, गिद्धहरूको टोक्ने किरा मुन्तिर
केही होश-हवास किन्तु नभई भोगीरहेका सब
यस्तोमा कसरी म मान्न सकुँला यो मृत्युको उत्सव ॥२५॥

त्राहीमाम छ भीम पुग्छ कसरी पत्ता सरी वृक्षको
मेरो दुर्गति के हुने अब भनी सातो उड्यो भीमको
लीला ईश्वरकै अपार जगमा क्यै हुन्न थाहा रती
हाम्रा कर्महरू बमोजिम सदा प्राप्तै हुने हुन् गति ॥२६॥

बोकी पत्थर धर्मको पिठिउँमा ठाडो उकालो चढ्यो
स्वाँस्वाँ भैकन बल्ल तल्ल दुःखले भन्ज्याङनेरै पुग्यो
क्यै सुस्ताउन खोज्छ माथ तर हा ! मुन्टयाउँदै गुट्मुटी
फेदीको तल खस्न थाल्छ बिचरो ! संक्कष्ट गाह्रो परी ॥२७॥

भुल्ल्याएर चरा बरा ! अधमरा पारेर छाडेसरि
ऐले विष्णुमती किनार बिचमा प्राणै बस्यो झुन्डिई
आई मृत्यु लगे हुने किन हरे ! आउन्न चाँडै अहो
के मज्जा विधिलाई भीमकन यो तड्पाउँदैमा भयो ? ॥२८॥

# बाऱ्ह

ती पूर्वस्मृति आउँछन् कति यहाँ राम्रा नराम्रा पनि
मान्छे भन्नु न हो सबै स्मृतिहरू हुर्की रहेका अनि
पारावार अपार कष्ट दु:खको यो क्रूर संसार हो
फोस्सा नै पनि आज होइन यहाँ भोगिरहेको छु जो ॥१॥

मैले आज मनुष्यको जुनि लिई तिर्नै छ बाँकी धन
यो फस्र्यौट हुँदै गएर यसमा गर्ने कुरा कैयन
यस्तैमा यमको कठोर भरिया आईरहेको अब
जानै पर्दछ जान्छु-जान्छु अबता टन्टा छुटाई सब ॥२॥

टन्टा कैयनको कठोर रटना भोग्नै छ बाँकी जति
भोग्नै पर्दछ भोग्छु-भोग्छु सब ती जोडें कुरा जे जति
वेला अन्तिमको जे जति भयो सच्च्याउनै सक्दिनँ
पश्चाताप र दु:ख, कष्टहरूमा बाँचूँ यहाँ भन्दिनँ ॥३॥

कस्तो घोर छ अन्धकार अहिले देखिन्न केही रति
घोप्ट्याएसरि चूक आज छ यहाँ कालो निशाको गति
मात्रै शब्द सुनिन्छ तीव्रगतिले खोला बगेको फगत्
आई खोज्छ कि निल्नभैँ प्रलयले संपूर्ण मेरो जगत् ॥४॥

छोपे ता पनि आज बस्तु सब नै छोपिन्छ मेरो जति
भै जाज्वल्य रहन्छ यो हृदयमा बोकेर नाना स्मृति
यस्तै कारणले उखान हुन गो 'जस्तो मती सो गति'
झुन्डेको छ अलग्ग सास तर खै छैनन् कुनै ओखती ॥५॥

हौँ सन्तान अभावका सबजना हाम्रा पिता हुन् उनै
हाम्रा रक्षक, नाथ, बालक उनै जो सारा संसारकै
ऐया ! दुःख र कष्टले बल गरी साह्रै मलाई दबा
मेरो श्वास निखार्नलाइ सहजै लौ जोड सारा लगा ॥६॥

पीडा घोर असाध्य स्वागत छ आ विश्रान्ति केही नदे
साह्रै क्रोध जितेर कत्ति म उपर माया, निगाहा नदे
यो अज्ञात समुद्रमा म त पुगेँ फाल्हाल्न लागेँ अब
के को फेरि विलम्ब उड्छु यसमा आफन्त त्यागी सब ॥७॥

पीडा, कष्ट म माग्छु चोट गहिरो आ आ मलाई पछार
मेरो जीवनमाथि वास्तविकता ढुङ्गा उठाई बजार
पीडा, कष्ट तँ छस् कहाँ र कसरी मैले नमानी दिएँ
यो जानीकन आज भुट्ट मितिको पर्दा गिराई तँ दे ॥८॥

छुट्ने आज भयो भनी म सितको सम्बन्ध तेरो सब
हो गर्छस् कि ढिलाइ आज मनमा आऊँ नआऊँ बिच
जे भो जत्ति गरें-गरें सब गरें बेला विचारी अनि
त्यो सच्च्याउन आज सक्तिन कुनै भूलै भए तापनि ॥९॥

दोषै-दोष तथा गुणै-गुण भई बन्दैन मान्छे कुनै
मेरो दोष भए म माग्दछु क्षमा गर्नु सबै ईश्वरै
धोका, धाक, रवाफ नक्कल छली, चोरी-चकारी सब
ऐले मूर्त भएर आज कसरी मेरा मुखेन्जी खडा ? ॥१०॥

डन्डा, अंकुश, पाश छन् करमहाँ क्रोधान्धता दुर्मुख
आएका लिनलाई आज म कनै देख्दै छु ती संमुख
बिर्को मृत्यु समस्त दुःख जगको आधार मानीवरि
बिर्को हाल्न कुनै म उन्मुख भएँ यो आत्माहत्य गरी ॥११॥

भन्छन् भन्न त आत्मघात सरिको संसारमा पाप के ?
मैले किन्तु यही नरोज्नु सरिको संसारमा पाप के ?
रोजें किन्तु ढिलो गरेर त्यसले अन्याय साऱ्है गरें
अड्काईकन प्राण देह तरुमा तापाग्नि दण्डै दिएँ ॥१२॥

हो चिन्तानल दन्क-दन्क सहने सामर्थ्य मेरो छ यो
देखेको छु अनेक दृश्य पटमा पीडा तिरस्कारको
यो संसार बिलाउँदै छ कसरी डुब्दै महाशून्यमा
घुम्दै जीवन आज यो फनफनी चौरासि त्यो चक्रमा ॥१३॥

आऊ मृत्यु अँगाल झट्ट मकनै बेहाल मेरो भयो
पीडा, कष्ट खपेर देह तरुमै यो ज्यान अड्की रह्यो
त्यान्द्रोमा कति झुन्डिएर नझरी यो यातना दी रह्यो
जो जस्तो हुनुको समुन्द्र बिच हाम्फाल्न गाह्रो पऱ्यो ॥१४॥

बेहोशी मन यो उडेर कहिल्यै होशै नखुल्ने भए
हुन्थ्यो किन्तु हरे ! बराबर खुली पीडा मलाई दिने
जन्मै मृत्यु समान हुन्छ सबको वेदान्तमा भन्दछन्
जन्म्यो फेरि मऱ्यो यसै फनफनी पाङग्रा सरी घुम्दछन् ॥१५॥

मेरो देह बिसाउने क्षण तिमी मेरो मुखेन्जी खडा
मेरो चुम्बन गर्न निम्ति अहिले डाक्छौ मलाई कता ?
नाना झन्झट पीर दुःखहरूको माटो जमेको जुन
त्यस्तो देश बिसाउने क्षण समेत् गाह्रो मलाई किन ? ॥१६॥

जस्तो जे अनिवार्य हुन्छ त्यसको गर्दै छु मै सामना
यो वेला पनि दुःख, पीरहरूको के व्यर्थको शासना
यस्तो दुष्कर दुर्दशासित जुधी यो प्राण अड्काउँदै
मेरो देह भनेर भन्दछु कठै ! अज्ञान कस्तो अझै ॥१७॥

मेरो होईन देह यो जति भनौ मान्दै नमान्ने किन ?
ऐया उफ् ! बिच हाय छट्पट हुने यस्तो व्यथा यो किन ?
केवल छन् पटमा परन्तु यसका लामा बनी बेदना
हुन्छन् हाय ! अनन्त झैं किन हरे ! कस्तो कडा शासना ॥१८॥

मेरो बुद्धि विवेकमा अब परोस् आलो ज्योतिर्मय
बिन्ती ! अन्तिम आज मर्न म सकौं भै मुक्त औ निर्भय
फुस्सा बात गरेर मानिस यहाँ फुस्सामहाँ नै मिल्यो
साँच्चै जीवन भन्नु नै यति रह्यो बाँकी कुरा के रह्यो ॥१९॥

फुस्सामै म गएर मिल्छु अब ता फुस्सा प्रतापी अति
फुस्साले सब खेल गर्दछ यहाँ हुन्छन् कुरा जे जति
फुस्साको महिमा अपार जगमा गर्ने कुरा जे पनि
पृथ्वी, तेज, हावा, अकास रहने फुस्सामहाँ झुन्डिई ॥२०॥

फुस्सा भन्नु न हो यहाँ सब कुरा फुस्सा बिना के छ र !
यो ब्रह्माण्ड समस्त नै बुझ यहाँ फुस्सामहाँ निर्भर
मेरो जीवनको कथा त अहिले यसै गरी टुङ्गियो
के होला पछिको निमित्त यसले थाती भएरै रह्यो ॥२१॥

भावी सन्ततिको निमित्त यसको पूर्पक्ष जिम्मा रह्यो
यो नेपाल अगाडि बढ्न जति नै मेरो निशाना भयो
झिल्का एक उडेर शून्य बिचमा सून्सानमै अल्झियो
साँच्चै जीवन भन्नु हो नि यति नै, बाँकी कुरा के रह्यो ? ॥२२॥

फुस्साकै कारबार दुनिया, फुस्सा सबै आखिर
फुस्साको छ बुझी नसक्नु महिमा यो सत्य भो सुन्दर
यो नै पूर्ण रहन्छ नित्य सबमा घट्ने नबढ्ने कतै
यै आनन्द स्वरूप सत्य, शिव हो डग्दै नडग्ने कतै ॥२३॥

बाँकी नै रहँदैन जान्न अरू ता त्यै बन्छ ज्ञानी पुरा
भेटे, सक्कल चाहियो किन यहाँ भो व्यर्थको नक्कल
यस्तो नक्कल च्यात्नु पर्छ सबले च्यातिन्छ ता के छ र !
सारी नक्कल लाख-लाख कसरी भौँतारिँदै नै रहे ॥२४॥

पार्ने अल्मल अन्धकार बिच नै गोता अनेकौँ सहेँ
रोजै पर्खन मृत्युलाई सहजै यो कण्ठ सेर्दो भएँ
ऐया दुख्छ कटक्क लौन नि ! मरेँ, फेरिन्न थोत्रा लुगा
यस्तो पिञ्जर भित्र बस्नु कसरी फुत्कन्न पापी सुगा ॥२५॥

यस्तो सम्म कृतघ्न मानिस हुने विश्वास गर्नै पऱ्यो
पानीसम्म नपाई राख्न मुखमा तड्पेर मर्नै पऱ्यो
आफू भित्र बसेर हाय घर यो खोजे छु भत्काउन
ईटा, काठ, निदाल औ झिटिमिटी बाधा बने फुत्कन ॥२६॥

भूलै कत्ति भएन जीबनमहाँ मैले कसोरी भनूँ !
धेरै भूल भए परन्तु अहिले सोचेर नै के गरुँ !
यस्तो ठाउँमहाँ पुगेँ म अब ता के सक्छु सच्च्याउन !
जे जस्तो परिणाम हुन्छ नसही भन्नै कहाँ सक्छु र ! ॥२७॥

यस्तो ता हुनु हुन्नथ्यो हुन गयो के लाग्छ यस्तै भयो
भित्तासम्म पुऱ्याइ दारुण बाधा कालो कथा लेखियो
हा ! संसार छ भन्न नै नसकिने प्रत्यक्ष के के भयो
दुक्खैको अखडा रहेछ जगतै भन्ने कुरा सिद्ध भो ॥२८॥

माने दुःख छ दुःख नै जगतमा आपत्ति हत्या घना
मानेमा सुख हुन्छ पूर्ण यसमा आपत् विपत् छन् कहाँ ?
हाम्रै हो प्रतिबिम्ब भित्र मनको जे जे भयौं औ हुने
पल्टे तापनि सृष्टि नै मन दह्रो पारी रहे हुन्न क्यै ॥२९॥

एकातर्फ छ घोर दुक्ख जगको काहालिने सम्भिँदा
अर्कोतर्फ छ शान्ति - हर्ष सुख नै क्यै छैन अर्को कुरा
यस्तै द्वन्द्वमहाँ छ भीम अहिले अत्तो न पत्तोसित
झुन्डी आस-निरासको भुवनमा काट्दो छ फन्का नि त ॥३०॥

कैल्ये लग्छ कता कता, विरहको धारामहाँ उ परी
कैले होइन दुःख क्यै पनि भनी उ जान्छ खोला तरी
बोकी भार गरौं कडा बगरमा ऊ हिँड्छ औ गिर्दछ
कैले भार बिसाइ दूर पथमै फुक्का हुने गर्दछ ॥३१॥

बास्नाको अति सूक्ष्मता रज खुली बेही, कसी तान्दछ
सारा उच्च सफा विचार उसको ऐयामहाँ पर्दछ
आफ्ना जीवनका सबै विगतका राम्रा नराम्रा कुरा
ऐलै पो झनझन् खुली झलझली आए सयौं आँकुरा ॥३२॥

तर्सन्छन् सब फेरि ढाडस कतै आनन्द तर्स्यो कतै
झिल्का सुक्ख र शान्तिको पनि कतै, धक्का र मुक्का कतै
ठेगाना नपुगी थलो नजिक नै भत्की रहेको कतै
ऐले प्राण छ भीमको सकसमा काँचो विकल् वायु झैं ॥३३॥

ऊ ज्यूँदो छ त भन्नु मात्र अहिले के शक्तिले बोल्दछ
सारा इन्द्रिय बन्द छन् धुकधुकी मात्रै कतै चल्दछ
हाम्रो भन्नु शरीर होइन यहाँ अर्कै छ साँचो कुरा
यस्तो देह अनेक लीकन कहीं यात्रा हुने हो पुरा ॥३४॥

चोला यो नरको छ साधन फगत् यात्रा पुरा गर्नको
राम्रो साधनको प्रयोग नगरे पुग्दैन वैकुण्ठ त्यो
झल्क्यो झल्झल भीमको हृदयमा जे जे गरेका थिए
आई जीवनका समस्त घटना ऐले सिनेमा बने ॥३५॥

हत्या श्री रणको हुँदा जति भयो एक्एक देखा पर्‍यो
जालै जाल रची अनेक जनको सर्वस्व भो ज्यानको
पर्‍थ्यो गर्नु गरे सबै मुकुटको जिम्मा दिएको थियो
मान्छे हो यदि भुल हुन्छ त भने दोषी कसोरी भयो ? ॥३६॥

पीडा, क्रन्दन सुन्न, हेर्न पनि हो यो राज्यभारा लिन
काँढा, सिस्नु छिमल्नु पर्दछ यहाँ यो राज्य हुर्काउन
हत्याकाण्ड अनेकको जडमहाँ अड्ने यहाँ शासन
हत्याको नपरे त चोट कसरी यो देश बिग्रन्छ त ? ॥३७॥

भन्छन् साम र दाम, भेदहरू नै साम्राज्यको शासन
हत्या-काण्ड अनेकको जड भए गद्दीमहाँ शासन
तर्के लोचन लाल-लाल कसरी क्रोधान्ध दामोदर
सल्काइ दिन खोज्दछन् मनमनै पारे खरानी सब ॥३८॥

हत्या निर्मम शेरको घरमहाँ बाँकी नराखी शिशु
मै सम्झन्छु म फेरि कैयन यहाँ यस्तै उदण्डीहरू
देखें तत्पर मर्न राजमहिषी राजेश्वरी स्वामिनी
जस्तै पर्स्न सुहागरात बिचमा खोपी खसम्को पनि ॥३९॥

सुन्थें सोह्रजना किशोर ललना आगोमहाँ फालिँदा
निस्केको स्वर कड्क्ला अहह त्यो दृश्यावली कष्टदा
जिम्मा यी सबको म होइन भनी मैले कसोरी भनूँ !
यो गर्ने र गराउने त अरू नै भन्दै कसोरी बचूँ ! ॥४०॥

उर्लेका भल झैं फिरङ्गीहरूले ढाक्दै थिए एसिया
मान्छेका अधिकारका हननको फैलाउँदै दुष्क्रिया
आफ्नो शक्ति तथा परिस्थितिहरू हेरी विचारीकन
मैले राय दिएँ सबैसँग बुझी सन्धी सुगौली हुन ॥४१॥

हत्याकाण्ड चुकूल ठोक्न नसकी हेरेर वेलाबखत्
गुड्नै मुश्किल हुन्छ राज्यरथ यो पल्टन्छ सारा तखत्
यो जानीकन राजनीति गरियो मारें मराएँ पनि
यो नै दोष भए त दोषमय भो सम्पूर्ण यो जीवनी ॥४२॥

# तेह्र

जाजा धेर भयो सहूँ म कसरी यस्तो कडा लाञ्छना ?
मान्छेको दिलभित्र अड्छ कसरी यस्तो अगुल्टो घृणा ?
मान्छे यी कतिसम्म नीच मतिका डाहा र ईर्ष्या कति ?
वैरी सांध्न निमित्त आज म भएँ पापी अचानो हरे ! ॥१॥

बल्दो जोबनको प्रवाह कसरी बोकी ममा होमियौ ?
मेरो जीर्ण शरीरको दश कुना जाज्वल्य पारिदियौ
बिम्झाई सब गुप्त-सुप्त सपना उत्साह नौलो भऱ्यौ ।
बांच्ने जीवनको मिठो रहरमा संगीत नौलो भऱ्यौ ॥२॥

लोभी हात बढाउँदै जब बढें लावण्य तिम्रो लिन
मेरा हातहरू फतक्क भुईंमा गल्दै झरेनन् किन ?
यौटा निर्मल प्राणलाइ कसरी छोई बिगारें अहो !
गोली लागदछ झैं छ आज दिलमा सम्झी महापाप त्यो । ॥३॥

काढी देह छियाछिया गरिगरी यो प्राण मेरो लुछोस्
जे होस् जत्ति हवस्, सहन्छु सब ती मैमा परोस् जे परोस्
दोषी हूँ त म नै छु हो अलिकता ती भक्तिले के गरिन् ?
नङ्ग्याईकन फौजबीच बिचरा लाने घिसारी अरे ॥४॥

कस्तो यो बदला ममाथि अहिले कस्तो कडा यातना
यौटाको अपराधबाट अरूमा यस्तो दिने शासना
छोपी छोप्न सकिन्न अग्नि कहिल्यै दन्किन्छ दन्किन्छ त्यो
तोडी तोड्न सकिन्न अग्नि कहिल्यै जोडिन्छ जोडिन्छ त्यो ॥५॥

तिम्रो आँट, अठोटले मुलुकमा पस्नेछ अर्कै युग
सन्ध्या सुन्दर न्याय, शान्ति, सुखको सारा हँसाई मुख
त्यो बेलाकन ल्याउने क्रममहाँ सङ्घर्ष ज्वाला बनी
जाऊ दुःख सही तपी विरहिणी मेरी प्रिया सँगिनी ॥६॥

पीडा, कष्ट व्यथा मलाई नसता सम्बन्ध हाम्रो छुटा
जे होस्-होस् किन देह नै यदि यहाँ तोडेर जाँदैछु ता
तिम्रो पीर लिएर दुर्बल हुँदै सानो बनूँ के कति
नेपालीजनलाइ सोच, सबको यस्तै यहाँ दुर्गति ॥७॥

उल्याऊँ सब दुःख-दर्द जगको भन्ने इरादा लिई
जस्तै कष्ट, विपत् परे पनि सही सङ्घर्ष गर्दै जिई
यो नेपाल नयाँ बनाउनमहाँ जन्मूँ यहीं फेरि म
यो इच्छा परिपूर्ण पार प्रभू ! हाँसेर जाँदै छु म ॥८॥

लागेको छ दनन्न अग्नि घरमा अन्याय दन्कीकन
जन्मी क्रान्ति महान् यसै मुलुकमा फर्कुन् सबैका दिन
हाम्रा पाप र भूलका तिरिदिउन् तिर्नै नसक्ने ऋण
यो नै माग र भीख ती सुजनमा हो भीमको अन्तिम ॥९॥

के सुन्दै छु म सुन्न नै नसकिने यस्तो समाचार यो
नारी 'भक्ति' लगेर फौजबीचमा  छोडीदिने रे अहा !
जेजस्तो दिनुपर्दथ्यो र कर त्यो मेरो उपर्मानभै
नङ्गचाईकन 'भक्ति' फौजबिच नै छाडीदिने रे कठै ! ॥१०॥

चिन्ताको घनघोर भित्र मनमा आँधी, हुरी चल्दछ
अड्ने ठाउँ कतै नपाइ मन यो हुत्तिन्छ औ गिर्दछ
गन्जागोल छ शान्ति छैन रति क्यै कस्तो अहो दुर्दशा
उर्लेको दुःखले असैह्य मनमा खाँदै छ गोता यहाँ ॥११॥

थाहा छैन मलाई अझै पनि लौ के के हुने हो अहो !
जाने जीवन भन्नुपर्ने सब नै यो जिन्दगानी अहा ।
यो को मानिस कर्म गर्दछ यहाँ यस्तो तमाशा किन ?
घोक्याई यसलाई काम नलिई मिल्दैन सच्चा सुख ॥१२॥

गर्ने फेरि गराउने सब उही मार्ने र मर्ने पनि
लीला गर्छ समस्त ईश्वर बनी आफै ऋणी औ धनी
मान्छेमा कुन रोग पस्छ कसरी के युक्तिले हट्छ नि !
यो नै चिन्तन एकदेवकन थ्यो बस्दा र उठ्दा पनि ॥१३॥

जालैजालमहाँ परेर उनको ज्यानै गुम्यो व्यर्थमा
सास्ती घोर मिल्यो कठोर किन यो सास्ती कठै व्यर्थमा !
हत्या राजकुमारको गर्न उनको हो हात रे ! मानियो
आयुर्वेदमहाँ प्रवीण विचरा सोझो गुणी वैद्य थ्यो ॥१४॥

छोपी नाक त भाजुमान अहिले क्या धापमा भासियो
सोझो ज्यान त चक्रको बिच परी झुन्ड्याइयो मारियो
मेरा मित्रहरू ! तिमीहरू कहाँ आईरहेको छु म
जारी घोर कृतघ्न यो जगतको देखीरहेको छु म ॥१५॥

हालेको पनि गाँस खान यमले लौ छाड भन्नासरि
आयुर्वेद-प्रवीण ती अनुभवी नेपाली धन्मन्तरी
चोखा पण्डित एकदेव पनि हा ! बेफ्वाँकमा मारियो
यो षड्यन्त्रमहाँ अमोघ मणिथ्यो हा ! काँच झैं फ्याँकियो ॥१६॥

हत्यारा भनि भाजुमानकन ता केही नराखी अहम्
सास्ती घोर दिएर अन्त गरियो कस्तो कुरा त्यो अधम्
भीमैमाथि दगा थियो त किन ती बेफ्वाँकमा नै गए
यस्तो जाल रचेर शान्ति जनको बेहाल नै गर्दिए ॥१७॥

लाग्छन् घाम अवश्य बादल बढी ढाकीदिए तापनि
त्यस्तै सत्य रहन्न गायब सधैं मिथ्या अँध्यारोमनि
मात्रै जाल फरेब हो मप्रतिको यो लाञ्छना झूट हो
हत्या राजकुमारको किन गरुँ कस्तो कुरा यो अहो ! ॥१८॥

उर्ली विस्मृतिको महाजलधिले ढाक्नेछ सम्पूर्ण यो
केही भाग रहन्न केवल यहाँ अड्ने कुरा शून्य हो
यो नै पूर्ण विराट् शरणमा अर्पिन्छ यो जीवन
यै मात्रै तलमाथि हुन्न त्यसमा घुम्दै छ त्यो फन्फन ॥२०॥

जस्तो जे हुनुपर्छ हुन्छ त भने टारेर टर्दैन त्यो
केको शोक लिने यहाँ फजुलमा जे हो हुने हुन्छ त्यो
नाना जाल र झेल छन् जति यहाँ धोका हुने लोकको
केही छैन म लिन्न ता दु:ख यहाँ झिल्का म आलोकको ॥२१॥

हे आलोक ! तिमी चमक्क चमकी मेरो खुलाऊ पथ
मायाको बशमा परेर यसरी धेरै नटाँसूँ भ्रम
खोई दु:ख कहाँ छ आज सब यैं सम्पूर्णमा व्याप्त छ
केही होइन ज्यूनु-मर्नु क्रम हो संसारमा चल्दछ ॥२२॥

चिन्ताबाट उछिट्टिएर पर गै निश्चिन्त होऊँ भनी
रोजें यो पथ किन्तु झन्झन यहाँ चिन्ता घुम्यो फन्फनी
आई ती अधिका अनेक घटना बिच्छी भई डस्दछन्
मैले गर्नु नगर्नु त्यो जति गरें धावा ममा बोल्दछन् ॥२३॥

कोही भीम गयो कथा करुण यो भन्छन् त नेपालमा
मै हूँ भन्नु समान झूटहरू के यो घोर जञ्जालमा
कस्तो थ्यो कसरी कसो हुन गयो प्रत्यक्ष नै देखियो
दु:खैको अखडा रहेछ बुझियो नि:सार संसार यो ॥२४॥

भन्छन् भीम भएर शान्त यसरी यो कष्ट के हो गुनी
हो सङ्कट उनाउ केवल यहाँ अस्तित्वको निर्धनी
द्रष्टा मात्र रहूँ म ता समयको भोक्ता हुँदै होइन
पीडा-सङ्कटबाट भिन्न म छु है ! मेरो हुँदै होइन ॥२५॥

जाजा व्योम अनन्तमा गरुड भैँ उड्उड् तँ आत्मा चरा
सान्है कष्ट भयो मलाइ अहिले सम्झेर के के कुरा !
हे धारा स्मृतिको तँ बन्द भइदे पाखा मलाई लगा
भक्भक् तप्त कराइमा भुटिभुटी दिन्छस् कडा वेदना ॥२६॥

खस्खस् विस्मृतिको महाप्रलयका पर्दा सबै छोपिदे
चिन्ता दुःख र कष्टको जलन यो सारा बिलाई तँ दे
यो कस्तो विकराल काल अहिले भोगीरहेको छु म
मर्नै सक्छु न ज्यून सक्छु अहिले कस्तो दशा निर्मम ! ॥२७॥

मेरो होइन सत्य होइन, यहाँ भोग्दै छु मैले तर
टाँस्सी मैसित आउने किन हरे ! कस्तो अँध्यारो छ र ?
जानेको छु म मुक्त हूँ तर पनि कस्तो कडा वेदना
जाजाजा चुँडिएर जा अब यहाँ मैमा मलाई मिला ॥२८॥

वास्ता छैन ममा कुनै विकलता मेरो पिछामा नआ
यस्तो तप्त कराइमा भुटिभुटी के भो तँलाई मजा ?
पीडा भो घनघोर जोड नलगा अस्तित्व पोल्दै जला
फाँडी झन्झट जाल छन् जति यहाँ प्रस्थान बाटो खुला ॥२९॥

मेरो भाग  शून्यको तट पुग्यो नैराश्यको माझमा
पर्दा अन्तिम गिर्न-गिर्न अहिले लाग्दै छ यो साँझमा
घण्टी बज्छ समाप्तिको टिनिटिनी थन्किन्छ मर्मान्तक
यी सारा प्रतिघात-घातहरूको टुङ्गिन्छ है नाटक ॥३०॥

॥इति॥

# सिद्धिचरणका कृति

**नेपालीभाषामा**

| | | |
|---|---|---|
| १. | कोपिला (कविता-सङ्ग्रह) | ने.रा.प्र. |
| २. | मेरो प्रतिविम्ब (कविता-सङ्ग्रह) | " |
| ३. | उर्वशी (खण्डकाव्य) | साझा |
| ४. | कुहिरो र घाम (कविता-सङ्ग्रह) | साझा |
| ५. | तिरमिरे तारा (बालकविता) | ने.रा.प्र. |
| ६. | बाँचिरहेको आवाज (कविता-सङ्ग्रह) | साझा |
| ७. | सिद्धिचरणका प्रतिनिधि कविता | ने.रा.प्र. |
| ८. | मङ्गलमान (खण्डकाव्य) | – |
| ९. | ज्यानमारा शैल (खण्डकाव्य) | – |
| १०. | आँसु (खण्डकाव्य) | साझा |
| ११. | बालिवध (पद्यनाटक) | – |
| १२. | जूनकीरी (खण्डकाव्य) | साझा |
| १३. | भीमसेन थापा | ने.रा.प्र. |
| १४. | शबरी | – |
| १५. | आत्मबिलौना | – |
| १६. | सिद्धिचरणका जेल-संस्मरण | ने.रा.प्र. |
| १७. | झिलिमिली जूनकीरी (बालकविता) | – |
| १८. | युद्ध र शान्ति (खण्डकाव्य) | – |
| १९. | कान्तिमती | – |
| २०. | Siddhi Charan's Verse Selected Poems | ने.रा.प्र. |
| २१. | Siddhi Charan's Memories of Jail | – |

**नेपालभाषा**

| | | |
|---|---|---|
| १. | सीस्वां | ने.रा.प्र. |
| २. | फुस्वां | – |
| ३. | उर्वशी (खण्डकाव्य) | – |
| ४. | ग्वय्स्वां | – |
| ५. | लुभुनी (खण्डकाव्य) | – |
| ६. | तृष्णा (खण्डकाव्य) | – |
| ७. | सिद्धिचरणया निबन्ध | – |
| ८. | घःमा | – |
| ९. | उत्तरा-विलाप | पिमदनिगु |
| १०. | बाखं व निबन्ध | " |
| ११. | भूमिकामुना | ने.रा.प्र. |
| १२. | मूस्वा (कवितामुना) | |

ISBN No. 99933-50-60-5